# सामुदायिक वनमा आदिवासी महिलाहरुको भूमि अधिकार

## सामुदायिक वन नीति समिक्षा, सामुदायिक वनद्वारा आदिवासी महिलामा पारेको प्रभाव तथा बहिष्करण



WOMANKIND WORLDWIDE EQUAL RESPECTED PROUD

राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (NIWF)

# ; fdbflos jgdf cflbjf ;Ldlxnfxø]sf] e'ld clwsf/

मितिः चैत्र २०७७

WOMANKIND
WORLDWIDE EQUAL RESPECTED PROUD
वमनकाईण्ड

राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ

# राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ)

## कार्यसमितिका पदाधिकारीहरू

| पद | नाम |
|---|---|
| अध्यक्ष | श्री चिनी माया माझी |
| वरिष्ठ उपाध्यक्ष | श्री पासाङ ल्हामु घले |
| उपाध्यक्ष (हिमाल) | श्री छिङ चिप्पा ल्होमी |
| उपाध्यक्ष (पहाड) | श्री सृजना प्रधान |
| उपाध्यक्ष (तराई) | श्री लखि गणेश |
| महासचिव | श्री जुनिता राई (शान्ती) |
| कोषाध्यक्ष | श्री निर्मला भुजेल |
| सचिव (अनुसन्धान तथा सूचना र संचार) | श्री सावित्रा चेपाङ |
| सचिव (बिदेश तथा परियोजना) | श्री मन्जु धिमाल |
| सचिव (जनसम्पर्क तथा संगठन विस्तार) | श्री नानु थामी |
| सचिव (भाषा तथा संस्कृति) | श्री ल्याटिन डोल्मा लामा |

## ; fdbflos jgdf cflbjf ;Ldlxnfxøsf] e'ld clwsf/

प्रकाशक : राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ)
बुद्धनगर १०, काठमाडौं, नेपाल
फोन नं. : ९७७ -१-४७८४१९२
ईमेल : niwf2057@gmail.com
वेबसाइट : www.niwf.org.np
सहयोगी संस्था : वमनकाईण्ड
अनुसन्धानकर्ता : यशोकान्ती भट्टचन
नेपाली अनुवादक : नन्द कन्दङवा
फोटो : निफ
मुद्रक लेआउट डिजाईन : सर्वदा प्रिन्टिङ सोलुसन प्रा.लि.
ज्वागल-१०, ललितपुर
ISBN : 978-9937-0-8945-6

# आभार

विभिन्न समूह केन्द्रित छलफलका सबै सहभागी, मुख्य सुचकहरू, समुदायका अन्य सदस्यहरू, परम्परागत संस्था साथै समुदायका अन्य नेता तथा अगुवाहरूले सामुदायिक वन उपभोक्ता समूहहरूको बारेमा आफ्ना विचार तथा अनुभवहरू आदान प्रदान गरिदिएकोमा धन्यवाद दिन चाहान्छौं । सनम राजबंशी, सुनीता ताजपुरीया, चन्द्र प्रसाद ताजपुरीया, रोशनी मेचे, शान्ति धिमाल, सानू उराव, सयम मुडभरी, नित्यानन्द ताजपुरीया, तेज बहादुर धिमाल, राम बहादुर धिमाल, डम्बर बहादुर मेचे, मिना मेचे, फूलमाया धिमाल, पूर्व संविधान सभा सदस्य नगेन्द्र धिमाल र सहायक वन अधिकृत एकराज दाहाललाई उहाहरूबाट भएको सहयोग तथा झापा र मोरङको फिल्ड कार्यलाई सफल बनाउन सहयोग पुऱ्याउनु भएकोमा धन्यवाद दिन चाहन्छु । सम्पूर्ण फिल्ड कार्यमा सहयोग पुऱ्याउनु हुने राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ का उपाध्यक्ष लखि गणेश र सचिव मन्जु धिमाललाई धन्यवाद दिन चाहान्छु । यसको साथ साथै संस्थाका सम्पूर्ण केन्द्रिय कार्य समितिका पदाधिकारीहरू र कर्मचारीहरू राष्ट्रिय संयोजक लक्ष्मी शोभा शाक्य, लेखा तथा प्रशासन अधिकृत मिना कुमारी लामा, स्थानीय संयोजक हिरा कुमारी तामाङ र पूर्व कार्यकारी निर्देशक कमला थापा मगरलाई पनि यस काममा सहयोग गर्नु भएकोमा धन्यवाद दिन चाहान्छु । धेरै राम्रा सल्लाह दिएर यस प्रतिवेदनलाई खदिलो बनाउन सहयोग गर्नु हुने समाजशास्त्री तथा आदिवासी विज्ञ डा.कृष्ण भट्टचन ज्यू लाई धन्यवाद दिन चाहन्छु । **सामुदायिक वनमा आदिवासी महिलाहरूको भूमि अधिकार** सम्बन्धमा अनुसन्धान गरी प्रतिवेदन तयार गरी सहयोग पुऱ्याउनुहुने संस्थाका सल्लाहाकार, आदिवासी विज्ञ तथा अनुसन्धान कर्ता श्री यशोकान्ती भट्टचनज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं । यो प्रतिवेदनलाई अंग्रेजीबाट नेपालीमा अनुवाद गरी सहयोग पुऱ्याउनु भएकोमा आदिवासी विज्ञ नन्द कन्दङवाज्यूलाई धन्यवाद दिन चाहान्छौं । वमनकाईण्ड वर्डवाइड (WOMANKIND) र यस प्रतिवेदनलाई सुधार गर्न

सिर्जनात्मक टिप्पणी र सल्लाहहरू दिनु हुने वमनकाईण्ड वर्डवाईडकी नतासा हर्सीफिल्डलाई बिशेष धन्यवाद दिन चाहन्छु । कोभिड १९ को अवधिमा पनि यस अनुसन्धान सम्पन्न गर्न यो पुस्तक प्रकाशनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरूमा धन्यवात ज्ञापन गर्दछौं ।
**धन्यवाद** !

**चिनीमाया माझी**
अध्यक्ष
राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ)

# बिषय-सूची

**आभार** iii

**शव्द संक्षेपीकरण** viii

१. **परिचय र विधि तथा तरिका** १

१.१ परिचय १

१.२ अनुसन्धानको उद्देश्य १

१.३ अनुसन्धानको विधी तथा तरिका ४

१.४ यस अनुसन्धानको उद्देश्य ३

२. **सामुदायिक वन नीति समिक्षा** ९

२.१ सामुदायिक वन विकास कार्यक्रम २००९ को लागि समिक्षा निर्देशिका ९

२.२ सामुदायिक वन कार्यान्वयन निर्देशिका सुधारका लागि कार्य १९

२.३ वन ऐन १९९३ १९

२.४ वन क्षेत्र नीति २००० २३

२.५ सामुदायिक वन उपभोक्ता समूहको महासंघ (फेकोफोन), नेपालको नीति संक्षेप २४

३. **आदिवासी महिलाहरूलाई सामुदायिक वन उपभोक्ता समूहद्धारा गरिएको बहिष्करण** २६

३.१ सामुदायिक वन स्वामित्वसंग सम्बन्धित अनुभवहरू २६

३.२ आदिवासी महिला सदस्यहरूको सदस्यता खुला तर कमजोर सहभागिता २८

३.३ योजना निर्माणमा सहभागीता र निर्णय गर्नबाट बहिष्करण ३२

३.४ नेतृत्वमा बहिष्करण ३४

३.५ व्यवस्थापनमा बहिष्करण ३७

३.६ आदिवासी पहिचानको अर्थपूर्ण मान्यता नदिनु ३८

**४. आदिवासी महिलाहरूको जीवनयापन र सांस्कृतिक अभ्यासमा सामुदायिक वनको प्रभाव ४०**
४.१ प्रथाजनित खाद्य संकलन र जीवनयापनमा प्रभाव ४०
४.२ स्वास्थ्यमा प्रभाव ४५
४.३ परम्परागत संस्कारमा प्रभाव ४५
४.४ प्रथाजनित कला कौशलममा प्रभाव ४७
४.५ प्रथाजनित स्वसरकार प्रणालीमा प्रभाव ४८
**५. सिफारिसहरू ५०**
५.१ सरकारलाई सिफारिस ५१
५.२ विकास दाताहरूलाई सिफारिस ५२
५.३ आदिवासी महिला संघ सस्थाहरूलाई सिफारिस ५२

**टेवलहरू**

टेवल १ः सामुदायिक वन उपभोक्ता समूहमा महिला र पुरुष सहभागीहरूको संख्या नमुना ६
टेवल २ः सामुदायिक वन स्थापना हुनु अघि र भए पछि जंगली खाद्यन्नहरूको संकलन ४१

**शव्दावली**

| | | |
|---|---|---|
| आउसिया पावन | = | आदिवासी ताजपुरीयाको चाड पर्व |
| ओईलानी | = | वेदर्ता पर्ति भूमि |
| वाद | = | मेचे आदिवासीको प्रथाजनित कानून |
| बाना (पेटानी) | = | धिमाल महिलाको बाहूला विहीन बस्त्र तथा पहिरन |
| हलकाटी | = | चिसोको उपचारको लागि प्रयोग गरिने झारपात |
| जिलोही | = | चिसोको उपचारको लागि प्रयोग गरिने झारपात |

| | | |
|---|---|---|
| ग्रामथान/महाराजथान | = | धिमाल, गन्गाई, राजबंशी र ताजपुरीया जातिको पवित्र स्थानको रुपमा राखिएको मानिआएको माटोको डिस्का वा धिमाल, गन्गाई, राजबंशी र ताजपुरीया जातिको मन्दिर |
| ठाकुर | = | गन्गाई, राजबंशी र ताजपुरीयाको एक प्रकारको मन्दिर |
| गुरगुसाई | = | राजबंशीको देवताको नाम |
| हारालोदा | = | धागो रंगाउने एक प्रकारको लहरा |
| हिले पर्व | = | ताजपुरीयाले मान्ने हिलो पर्व |
| हुक्काहुक्की | = | गणेश, गन्गाई, कोच, ताजपुरीयाको चाड पर्व |
| जात्री | = | धिमालको चाड पर्व |
| जात्री पावन | = | ताजपुरीयाको चाड पर्व |
| कुल देवता पुजा | = | पुर्खा पुजा |
| कुशुम | = | एक प्रकारको जंगली फल |
| लोकाटो | = | एक प्रकारको जंगली फल |
| मझीवाराङ | = | धिमाल जातिको प्रथाजनित संस्था र धिमालको मुख्य मानिस |
| मेजाम्वी | = | धागो रंगाउने एक प्रकारको जंगली फल |
| पिप्ला | = | खोकी उपचारको लागि प्रयोग हुने झारपात |
| मझीहडाम | = | सन्थालको प्रथाजनित मुल मानिस |
| परगाया | = | उरावको प्रथाजनित मुल मानिस |
| सोलई | = | बोना (धिमालले लगाउने बस्त्रको पछाडी भाग) रंगाउने जंगलमा पाईने एक प्रकारको बिरुवा |
| सिरीजात | = | धिमालको एक चाड |
| ठाकुर कईवानी | = | राजबंशीको देवताको नाम । |

**संक्षिप्त रुप**

| | |
|---|---|
| बिजेडसिफ | बफर जोन सामुदायिक वन |
| सिड | महिलामाथी हुने सबै प्रकारका विभेद बिरुद्धको कमिटी/महिलामाथि हुने सबै प्रकारका विभेद बिरुद्धको महासन्धि |
| सिएफ | सामुदायिक वन |
| सिएफएम | साझेदारी वन व्यवस्थापन |
| सिफग | सामुदायिक वन उपभोक्ता समूह |
| ईसि | कार्यकारीणी समिति |
| फेकोफन | सामुदायिक वन उपभोक्ता महासंघ |
| एफजिडी | समूह केन्द्रित छलफल |
| एफपिक | स्वतन्त्र, अग्रीम जानकारी सहितको मन्जुरी |
| आईएलओ | अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि |
| केआईआई | मुख्य सुचक अन्तर्वाता |
| एलएचएफ | कबुलियती (लिज) वन |
| एनडी | मिति उल्लेख नगरिएको |
| निफ | राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ |
| प्याफ | गरिवी निवारण कोष |
| फिएफ | संरक्षित वन |
| आरएफ | धार्मिक वन |
| यूएनडिपी | संयुक्त राष्ट्र संघिय विकास कार्यक्रम |
| युएनड्रिप | आदिवासीहरूको अधिकार सम्बन्धमा संयुक्त राष्ट्र संघिय घोषणा पत्र । |

# १. परिचय र विधि तथा तरिका

## १.१ परिचय

नेपाल र विश्वमा कहि पनि भूमि, भूक्षेत्र र स्रोतहरू आदिवासी महिला सहित समग्र आदिवासीहरूको लागि जीवन हो । सन् १९५७ मा वनहरू राष्ट्रियकरण भए यता सामुदायिक वन व्यवस्थापन विस्तार, राष्ट्रिय निकुन्ज र संरक्षित क्षेत्रको माध्यमबाट नेपाल सरकार भूमी खोस्ने र आक्रमककारी विकासमा लगातार संलग्न हुँदै आएको छ । नेपालले सन् २००७ मा अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ लाई अनुमोदन गरेको छ र आदिवासीहरूको अधिकार सम्बन्धमा संयुक्त राष्ट्र संघिय घोषणा पत्र (युएनड्रिप) लाई अवलम्बन गरेको छ । आदिवासीहरूको सम्बन्धमा अन्तर्राष्ट्रिय मानव अधिकारको मानकसंग नेपालको नीति, कानून, नियम, सामुदायिक वन (सिएफं), सामुदायिक वन उपभोक्ता समूह (सिफग), राष्ट्रिय निकुन्ज र संरक्षित क्षेत्रको अभ्यास कति हदसम्म मिल्न जान्छ भन्ने कुरा जाचेर हेर्ने काम भएको छैन । सामुदायिक वनमा आदिवासी महिलाहरूको भूमि अधिकार, आदिवासी महिलालाई बहिष्करणको महशुस र सामुदायिक वनबाट कति हदसम्म आदिवासी महिलाहरूलाई प्रभाव पारेको छ भन्ने हेर्न र बुझ्न या यस सवाललाई सम्बोधन गर्न राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (निफ) ले वमन काईण्ड वर्डवाइडको सहयोगमा झापा र मोरङ जिल्लामा यसबारे मुद्दा अध्ययन गर्ने निर्णय गरेको छ [1]।

## १.२ पृष्ठभूमी

सन् १९५१ को प्रजातन्त्रको शुरु भन्दा अघि एकाधिकारी राणा शासनको समयमा चरन, पानी र जंगल सहित प्राकृतिक स्रोतहरूमा

1 यो अनुसन्धानले राष्ट्रिय निकुन्ज, वन्य जन्तु तथा सिकार आरक्षणबाट भईरहेको मानव अधिकारको हनन सम्बन्धमा एन-पिस यूएनडिपीको सहयोगमा निफले गरेको अर्को अध्ययनलाई सहयोग गर्नेछ ।

आदिवासीहरूको स्वामित्व र नियन्त्रण थियो । सन् १९५७ मा वनलाई राष्ट्रियकरण गरेपछि आदिवासीहरूले वनमाथिको स्वामित्व र नियन्त्रण मात्र गुमाएनन् पहुँच पनि गुमाए । सन् १९७० मा राष्ट्रिय वन योजनाको स्थापना पछि निरन्तरको वन विनाशलाई रोक्न र समुदायको आधारभूत वन पैदावर आवश्यकतालाई परिपूर्ति गर्न सामुदायिक वन अवधारणा ल्याउने काम भयो । परिणामस्वरुप, सन् १९९५ को वन नियमावलीले सामुदायिक वन उपभोक्त समूहलाई बढी भएको (ढलापढा) वन पैदावर बाहिरीयहरूलाई बेच्न पाउने, उक्त पैसा वन व्यवस्थापनमा प्रयोग गर्न पाउने र सामुदायिक विकास कार्य गर्न पाउने अनुमति दियो जुन आजसम्मको एक बर्चस्पी वन व्यवस्थापनको प्रकार भएको छ [2] ।

नेपालमा यो सामुदायिक वन सामुदायमा आधारित वन व्यवस्थापनका ६ प्रकारका (मोडलहरू) मध्ये एक हो । यो परिवेश, उद्देश्य र समयको हिसावले अन्य वन व्यवस्थापनका मोडेल जस्तो कि कबुलियत वन, साझेदारी वन, बफर जोन वन सिमावर्ती, सामुदायिक वन, संरक्षित वन, धार्मिक वन व्यवस्थापन भन्दा फरक प्रकार (मोडेल) हो । गैरआदिवासी दृष्टिकोणमा आर्थिक हिसाबले यसको थप योगदान राम्रो हुन सक्ने र सामाजिक हिसावले स्वीकार्य छ भने आदिवासी दृष्टिकोणमा यी ६ वटै वन व्यवस्थापनका प्रकारहरू (मोडलहरू) हरणकारी छ जस्तो कि यी वन व्यवस्थापनहरूले आदिवासीहरूको प्रथाजनित भूमि, भूक्षेत्र र स्रोतहरूको एक भाग रूपमा रहेको सामुदायिक वन सहित वनमाथी आदिवासीको स्वामित्व र नियन्त्रणलाई खोसेको छ। पाठक र बोहोर (२०१९, पेज १९) लेख्नु हुन्छ “हालको तथ्यांक अनुसार देशको कुल क्षेत्रमा ३८.५% वन क्षेत्र रहेको छ, त्यो भनेको २-३ मिलीयन हेक्टर वन हो जो सामुदायमा आधारित वन व्यवस्थापनको शासन

2 नेपालको ग्रामिण विकासमा सामुदायिक वन कोषको महत्व - पुष्प केसी भण्डारी, प्रविन भुसाल, गणेश पौडेल, चिरिन्जीवी प्रसाद उपाध्याय र बिर बहादुर खनाल क्षेत्रि (२०१९) । स्रोतहरू २०१९, ८, ८५ पिपि १-३

(Regime) अन्तर्गत ३.८ मिलीयन घरधुरीले व्यवस्थापन गरिरहेका छन्" ।[3] नेपाल सरकार वन तथा वातावरण मन्त्रालयको यो प्राथमिकताको कार्यक्रम भएकोले सामुदायिक वन कार्यक्रमको ६० प्रतिशत जति बजेट बैदेशिक सहयोग खासगरि डिएफाईडी, एस्डिसी, असएड, युएसएड र जिटिजेडबाट हुने गरेको छ ।[4]

सामुदायिक वनको मुख्य उद्देश्य भनेको चरणवद्धरुपमा उपलव्ध राष्ट्रिय वनलाई सामुदायिक वनमा परिणत गरी वन स्रोतहरूको दिगो व्यवस्थापन गर्नु हो । व्यवस्थापन र वन स्रोतहरूको उपयोगबाट यो उद्देश्यलाई प्राप्त गर्न उपलव्ध वनहरूलाई सामुदायिक वनको रुपमा सामुदायिक उपभोक्ता समूहलाई हस्तान्तरण गर्ने रणनीति अनुसरण गर्ने काम भयो ।

वन विभागका अनुसार झण्डै १.४५ मिलियन घरधुरी अर्थात नेपालको ३५ प्रतिशत जनसंख्या सामुदायिक वन व्यवस्थापन कार्यक्रममा संलग्न छन् । अहिलेसम्म जम्मा १९,३६१ सामुदायिक वन उपभोक्ता समूहहरू (सिफग्स) छन भने १०७२ महिला कमिटी सदस्यहरू छन् । जम्मा १८, १३,४७८ हेक्टर राष्ट्रिय वन क्षेत्र सामुदायिक वनकोरुपमा हस्तान्तरण भएका छन् जसबाट २४,६१,५४९ घरधुरीले फाईदा पाएका छन् ।[5] यद्यपी सामुदायिक वन उपभोक्ता समूहमा आदिवासी र गैरआदिवासी छन र नेपालका अधिकांश वनहरू आदिवासीहरूको पुर्ख्यौली भूमीमा छन् तर सरकारको सामूदायिक वन प्रभागले सामुदायिक वन उपभोक्ता समूहमा जातिगत तथा लैंगिक हिसावले रहेको उपस्थिति र तिनका नेतृत्वमा को कति रहेका छन् भन्ने छुट्याईएको तथ्यांक दिएको छैन । यस प्रभागले सामुदायिक वनको ७ वटा प्रभाव उल्लेख गरेको छ ति प्रभावहरू हुनः (१) क्षतविक्षत भएको वनहरू पुन वनकोरुपमा

3 Community Based Forestry in Nepal: Status, Issues and Lessons Learned Bhoj Raj Pathak, Xie Yi, Radhika Bohara International Journal of Science Vol. 6 March 2017 (03). Pp. 119-129. http://www.ijsciences.com/pub/issue/2017-03/

4 http://dof.gov.np/dof_community_forest_division/community_forestry_dof

5 http://dof.gov.np/dof_community_forest_division/community_forestry_dof

विकास भएको (२) हरियाली पुनःप्राप्ती (३) जैविक विविधताको वृद्धि (४) वन पैदावरको सप्लाईमा वृद्धि (५) महिला, गरिव र ठगाईमा परेका समूहहरू सशक्त भएको (६) आय आर्जन र सामुदायिक विकास गतिविधिहरू बढाईएको, र (७) जीवन निर्वाह सुधार भएको ।[6]

सामुदायिक वन प्रभागका प्रमुख र उपनिर्देशकका अनुसार धेरै अन्तर्राष्ट्रिय विकास साझेदारहरू सामुदायिक वनमा संलग्न भएका छन् । हालसालै यसमा संलग्न भएका मुख्य विकास साझेदारहरूमा डानिडा, डिएफाईडी, एसएनभी, असएड, एसडिसी, केयर नेपाल मार्फत युएसएड समाबेस छन् । अन्य दाताहरू आईयुसिएन, डव्लु डव्लु एफ आदि जस्ता गैरसरकारी संस्थाहरू मार्फत संलग्न भएका छन् ।[7]

## १.३ यस अनुसन्धानको उद्देश्य

यस अनुसन्धानको मुख्य उद्देश्य आदिवासी महिलाहरूको भूमि अधिकारको लागि न्यायीक आधारलाई बढाउने र समावेशी सामुदायिक वन व्यवस्थापन प्रक्रियाको लागि आदिवासी महिलाहरूलाई सवलीकरण गर्ने विषयमा केन्द्रित हुँदै आदिवासी महिलाहरूले सामुदायिक वनमा कुन हदसम्म भूमि अधिकारको अभ्यास गरिरहेका छन् भन्ने थाहा पाउने हो । यस अनुसन्धानको बिशेष उद्देश्य भनेको सामुदायिक वन सम्बन्धि राष्ट्रिय नीतिहरूको समिक्षा गर्ने, ति नीतिहरू आदिवासीहरूको अन्तर्राष्ट्रिय मानव अधिकारको मानकसंग मिलेका छन् कि छैन भनेर हेर्ने र आदिवासी महिलाहरूमा सामुदायिक वनको प्रभाव, बहिष्करणका साथै आदिवासी महिलाहरूको भूमि अधिकारको अनुभवहरूलाई दस्तावेजीकरण गर्ने हो ।

## १.४ अनुसन्धान विधी तथा तरिका

सूचना, तथ्यांक र प्रमाणहरू संकलनको लागि निम्न विधि तथा

6 http://dof.gov.np/dof_community_forest_division/community_forestry_dof

7 Kanel, Keshav Raj (n.d.) Community Forestry in Nepal. Thailand: Regional Community Forestry Training Center for Asia and the Pacific.

तरिकाहरू प्रयोग गरिएको थियोः

*१.४.१ सान्दर्भिक राष्ट्रिय तहका नीतिहरूको समिक्षा*

सामुदायिक वन योजना र व्यवस्थापनमा आदिवासी महिलाहरूको बहिष्करणको आंशिक प्रमाणीकरणका लागि अनुसन्धान गर्न प्रमुख राष्ट्रिय नीतिहरूको समिक्षा गर्ने अर्थात नीतिमा आदिवासी तथा आदिवासी महिलाहरू कहाँ बहिष्करण भएका छन् भन्ने क्षेत्र र खाडललाई पहिचान गर्न निम्न नीतिहरू अध्ययनका लागि समावेश गरिएको छ ।

- सामुदायिक वन विकास कार्यक्रम निर्देशिका २००९
- वन ऐन २०४९, (सन १९९३)
- वन क्षेत्र नीति, २०००

*१.४.२ सामुदायिक वन व्यवस्थापनमा असमानता र बहिष्करण पहिचान गर्न झापा र मोरङमा छनौट गरिएका आदिवासी महिलाहरूसँग समूह केन्द्रित छलफल*

यसको लागि सन २०२० को फेब्रुवरी १५ देखि २३ सम्म झापा र **मोरङ** जिल्लामा फिल्ड कार्य गरियो । अनुसन्धानकर्ताबाट झापा र मोरङमा समूह केन्द्रित छलफल (एफजिडी) गर्ने काम र मुख्य सूचनाकर्तासँगको अन्तर्वाता (केआईआई) लिने काम भयो । समूह केन्द्रित छलफल र मुख्य सूचनाकर्तासँगको अन्तर्वाता गर्न निफ जिल्ला समन्वय समिति र स्थानिय सदस्य संस्थाका अगुवाहरूसंगको साझेदारीमा निफले ७ वटा सामुदायिक वन उपभोक्ता समूह (सिफग्स), २ वटा साझेदारी वन र १ कबुलियत वनलाई पहिचान गर्यो । यी प्रत्येक नमुना सामुदायिक वन उपभोक्ता समूह, साझेदारी वन र वन विनाका समुदायमा एक/एक समूह केन्द्रित छलफल गरियो । ति सामुदायिक वन उपभोक्ता समूहमा मुडियारी र उराव समूहको फरक-फरक समुदाय केन्द्रित छलफल गरियो । उदाहरणको लागि तल टेवल १ को सिंहदेवी सामुदायिक वन उपभोक्ता समूहको विवरण हेर्नुहोस् । त्यहाँ

१६६ महिला र ६१ पुरुष सहित जम्मा २२७ सहभागीहरूले एफडिजीमा भाग लिएका थिए ।

टेवल १ः सिंहदेवी सामुदायिक वन उपभोक्ता समूहमा महिला र पुरुष सहभागीता

| क्र.सं. | जिल्ला | आदिवासी महिला | सामुदायिक वन उपभोक्ता समूह /साझेदारी वनको नाम | सहभागीहरू | | |
|---|---|---|---|---|---|---|
| १. | **झापा** | | | महिला | पुरुष | जम्मा |
| १.१ | ,, | राजबंशी | पाथीभरा सामुदायिक वन उपभोक्ता समूह, तारा वान, कचना कवल, जलथल झापा | १८ | ९ | २७ |
| १.२ | ,, | मेचे | चौकी विराम सामुदायिक वन उपभोक्ता समूह, हल्दीवारी ३, झापा | १९ | १ | २० |
| १.३ | ,, | धिमाल | हन्से दुम्से सामुदायिक वन उपभोक्ता समूह, दोगाटे टोल समिति, हल्दीवारी, दमक ४, झापा | १३ | ७ | २० |
| १.४ | ,, | गन्गाई | रानीवन सामुदायिक वन उपभोक्ता समूह, फुलगाची गाउपालीका ३, झापा | १५ | ५ | २० |
| १.५ | ,, | ताजपुरीया | ताजपुरियाहरू सामुदायिक वनमा छैनन् तर उनीहरूसँग पनि समूह केन्द्रीय छलफल गरिएको, लखनपुर ४, झापा | १४ | ४ | १८ |
| २. | **मोरङ** | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.१ | ,, | धिमाल | सुनझोरा सामुदायिक वन उपभोक्ता समूह, उर्लाबारी ३, तिनघरे, मोरङ | १० | १० | २० |
| २.२ | ,, | राजवंशी | सिर्जना सामुदायिक वन उपभोक्ता समूह, बेलबारी ८, सैतान टोल, मोरङ | २२ | ० | २२ |
| २.३ | ,, | उराव | सिंहदेवी सामुदायिक वन उपभोक्ता समूह, भातिबाहुनी, बेलबारी ७, मोरङ | १६ | ७ | २३ |
| २.४ | ,, | मुरियारी | सिंहदेवी सामुदायिक वन उपभोक्ता समूह, बेलबारी ८, राधानगर, मोरङ | १३ | ८ | २१ |
| २.५ | ,, | गन्गाई | लोहन्द्रा साझेदारी वन व्यवस्थापन समूह, सुन्दरहरैचा १०, होर्सेनी, मोरङ | १६ | ७ | २३ |
| २.६ | ,, | ताजपुरीया | पथरी शनिश्चरे साझेदारी वन व्यवस्थापन समूह, उर्लाबारी ३, दाईनिया, मोरङ | १० | ३ | १३ |
| | | **जम्मा** | | **१६६** | **६१** | **२२७** |

भूमि र स्रोत सम्बन्धमा मोरङ र झापाका ति छनौट गरिएका सामुदायिक वन उपभोक्ता समूहका आदिवासी महिलाका नेता र सदस्यहरूसंग बहिष्करण तथा सदस्यतामा असमानता, नेतृत्व, निर्णय गर्ने, योजना तथा सामुदायिक वनको व्यवस्थापन, आदिवासी महिलाको जीवन निर्वाह र उनीहरूको सांस्कृतिक अभ्यासमा प्रभाव सम्बन्धका अनुभवहरूलाई पहिचान गर्न समुदाय केन्द्रित छलफल आयोजना गरिएको थियो ।

केहि मुख्य सूचनादाताका नामहरू समूह केन्द्रित छलफलको समयमा पहिचान गरिएको थियो भने केहि मुख्य सूचनादाताहरू सामुदायिक वन उपभोक्ता समूहका नेता तथा सदस्यहरूसंगको परामर्शको समयमा पहिचान गरिएको थियो । कुल मिलाएर जम्मा ८ वटा मुख्य सूचनादाताहरूसंगको अन्तर्वाता लिने काम गरिएको थियो ।

गरिने कामको फेहरिस्त लामो थियो तथापी धेरै जसो केशमा परिवेश, अभ्यास र अनुभवहरू उस्तै-उस्तै भएकोले समूह केन्द्रित छलफलका सहभागीले सान्दर्भिक ठानेको सवालहरूमा केन्द्रित गरिएको थियो । त्यसैले, सिमित समयमा, प्रत्येक सवालमा सबै एफडिजीबाट सूचनाहरू संकलन गर्न सम्भव थिएन ।

तथ्यांक विश्लेषण र प्रतिवेदन लेखनको समयमा कोभिड १९ (कोरोना) महामारी फैलियो र सरकारले बन्द (लक डाउन) को घोषणा गर्यो । सो महामारीले यस अनुसन्धान कामलाई असर गऱ्यो जसले गर्दा यो सकिन ढिलो भयो ।

# २. सामुदायिक वन नीति समिक्षा

अनुसन्धानदाताले सम्बन्धित दस्तावेजहरूको समिक्षा गर्नुभयो र सामुदायिक वन योजना तथा व्यवस्थापनमा आदिवासी महिलाहरूको बहिष्करणका आंशिक प्रमाणीकरणका लागि अनुसन्धान गर्न अर्थात नीतिमा आदिवासी महिलाहरू कहाँ बहिष्करण भएका छन् भन्ने क्षेत्र र खाडल (अपुग) लाई पहिचान गर्न सामुदायिक वन राष्ट्रिय नीतिसँग सम्वन्धित सरकारी अधिकारीहरूसँग परामर्श गर्ने काम गर्नु भयो ।

## २.१ सामुदायिक वन विकास कार्यक्रम निर्देशिका २००९[8] को समिक्षा

जस्तो कि प्राथमिक रुपमा सामुदायिक वन सामुदायिक वन विकास कार्यक्रम निर्देशिका २००९ अनुसार चलेका र व्यवस्थापन गरिएका छन् । सामुदायिक वन व्यवस्थापनमा आदिवासी महिलाहरू कुन हदसम्म बहिष्करणमा परेका छन् र सामुदायिक वनको विभिन्न तहका निर्णयहरूमा आदिवासी महिलाहरूलाई बहिष्करण गर्ने ति निर्देशिकाहरूमा व्यवस्था छ कि छैन जान्न र बुझ्न उक्त निर्देशिकाहरूको समिक्षा गर्ने काम भयो । उक्त समिक्षाले निम्न कुराहरू उजागर (Highlight) गरेको छ ।

*२.१.१ वन र स्रोतहरूको जिम्मावाल (हकदार) को रुपमा रहेका अधिकारवाला आदिवासीहरूलाई जनाउने शव्दवलीलाई निर्देशिकाको शव्दावलीमा ‘आदिवासी’ समावेश गरेको छैनः* शव्दावलीले ‘आदिवासी’ भन्ने शव्दलाई समाबेश गरेको छैन बहिष्करण गरेको छ । आदिवासीहरू नै प्राचिन समय अर्थात थाहा नपाएको समयदेखि वन र प्रथाजनित/पुर्ख्यौली भूमिको जिम्मावाल (हकदार) को रुपमा रहेका अधिकारवाला हुन् तर उनीहरूलाई

8 *Ban Bibhag (2071)* ***Samudaiyik Ban Bikas Karyakramko Margadarshan.*** *Babarmahal, Kathmandu: Samudayik Ban Mahasakha, Ban Bibhag, Ban tatha Bhusamrachyan Mantralaya, Nepal Sarkar.*http://dof.gov.np/image/data/forest_act/samudayik%20ban%20bikash%20magadarshan.pdf

जनाउने आदिवासी शब्द निर्देशिकाले बहिष्करण गरेको छ। आदिवासीहरूलाई कथित सामुदायिक वनको समग्र लेखाई तथा दस्तावेजहरू र सामुदायिक वन विकास कार्यक्रम निर्देशिका २००९ मा फुटनोटमा मात्र राखिएको छ भन्ने यसले स्पष्ट रुपमा देखाउछ । ति लेखाई तथा दस्तावेजहरूमा आदिवासी समुदायलाई गरिव वर्ग, "परम्परागत उपभोक्ता" "बन्चित बर्ग" जस्ता अन्य शव्दहरूमा समावेश गरेको देखिन्छ। 'गरिव वर्ग' लाई आर्थिक, सामाजिक, भौतिक, मानव तथा प्राकृतिक स्रोतहरूमा पहुँच र नियन्त्रणको हिसाबले पछाडि रहेका वर्ग भनि परिभाषित गरिन्छ । 'बन्चित वर्ग' लाई विकासमा समावेश नगरिएको र स्रोतहरूमा कम पहुच भएका बर्गकोरुपमा परिभाषित गरिन्छ । "परम्परागत उपभोक्ता" लाई स्थानीय मूल्य र मान्यता, संस्कृति र थाहा नपाईएको समयदेखि प्रचलन अनुसार केहि निश्चित वन क्षेत्रलाई प्रयोग गरिरहेका समुदायकोरुपमा परिभाषित गरिन्छ । यो परिभाषामा यस शव्दले आदिवासी समुदायलाई भन्न खोजेको देखिन्छ तर यसले आदिवासी समुदाय र गैर आदिवासी हिन्दु जात समूह दुवैलाई समावेश गर्दछ। 'जीवन निर्वाह' र 'वन व्यवस्थापन' शव्द प्रयोग पनि समस्यामुलक छ । 'जीवन निर्वाह' लाई व्यक्तिको क्षमता, स्रोतहरूमा पहुँच, जागिर र व्यापार बढाउने प्रकारका गतिविधिहरू हुन भनेर परिभाषित गरिन्छ। व्यक्तिलाई केन्द्रमा राखेर गरिने जीवन निर्वाहको परिभाषाले आदिवासीहरूको सामुहिक भूमि, भूक्षेत्र र स्रोतहरूको स्वामित्वका साथै आदिवासीहरूको ज्ञान, सिप, प्रविधि र अभ्यासहरूलाई छुट्याउँछ या अस्विकार गर्दछ ।

*२.१.२ आईएलओ महासन्धि नं. १६९ को मान्यता दिएको तर यसलाई आत्मसात गर्न र कार्यान्वयन गर्न असफल भएको, र आदिवासीहरूको अधिकार सम्बन्धमा संयुक्त राष्ट्र संघिय घोषणा पत्रलाई मान्यता दिन असफल भएको:* सामुदायिक वन विकास कार्यक्रम निर्देशिकाको परिचय खण्डमा उक्त निर्देशिकाको दोस्रो प्रकाशनले त्यसको उद्देश्यहरू मध्ये एउटा उद्देश्य नेपालले अनुमोदन गरेको आईएलओ महासन्धि नं. १६९ को प्रावधानहरूको

कार्यान्वयन गर्ने उल्लेख छ ।

"यसरी नै २०६५ मा भएको पाचौ सामुदायिक वन राष्ट्रिय महाधिवेशनले गरिव, दलित, आदिवासी, जातिहरू, मधेसी, महिला, पिछडीएको, पछाडि पारिएका र सामुदायिक वन स्रोतहरूमा परम्परागत वन उपभोक्ताहरूको अधिकार र सक्रिय सहभागितालाई सुनिश्चित गर्न र नेपालले अनुमोदन गरेको आईएलओ महासन्धि नं. १६९ लाई कार्यान्वयन गर्न दिएको सिफारिस र प्रतिवद्धतालाई समावेश गर्दै स्थानिय तहदेखि केन्द्रिय तहका सरोकारवालाहरूसँग परामर्श तथा अन्तरक्रिया गरि यो सामुदायिक वन विकास कार्यक्रम निर्देशिका (दोस्रो संसोधन) २०६५ बनाईएको छ ।"[९]

आईएलओ महासन्धि नं. १६९ का प्रावधानहरूलाई कार्यान्वयन गर्न पाचौं सामुदायिक वन राष्ट्रिय महाधिवेशनले गरेको यस्तो दृढता र प्रतिवद्धता एकदमै सकारात्मक छ। यस्तो हुँदाहुँदै परिमार्जित दोस्रो निर्देशिका, जुन अहिले कार्यान्वयनमा छ, त्यसले आदिवासीहरूको भूमि र स्रोतमा स्वामित्व, नियन्त्रण, व्यवस्थापन र प्रयोगका साथै अर्थपूर्ण प्रतिनिधित्वको सम्बन्धमा आईएलओ महासन्धि नं. १६९ को व्यवस्था अनुसार राख्न सकेको छैन । आईएलओ महासन्धि नं. १६९ को धारा १४(१) ले आदिवासीहरूले परम्परागतरुपमा ओगटी आएको भूमि र स्वामित्वको अधिकारलाई राज्यले मान्यता दिईनु पर्नेछ' भन्ने व्यवस्था गरेको छ । त्यसको साथसाथै ति सम्बन्धित आदिवास हरूले ज्यादातर नओगटेको तर स्वनिर्भर र परम्परागत गतिविधिहरूको लागि परम्परागत रुपमा पहुँच भई आएको भूमि प्रयोगको अधिकारलाई सुरक्षा गर्ने उपायहरू लिईनु पर्नेछ । यस सम्बन्धमा घुमन्ते र घुमन्ते खेती गर्ने परिवेशमा रहेका आदिवासीहरूलाई खास ध्यान दिईनु पर्नेछ ।

---

9 *Ban Bibhag (2071)* ***Samudaiyik Ban Bikas Karyakramko Margadarshan.*** *Babarmahal, Kathmandu: Samudayik Ban Mahasakha, Ban Bibhag, Ban tatha Bhusamrachyan Mantralaya, Nepal Sarkar. Page 2.*http://dof.gov.np/image/data/forest_act/samudayik%20ban%20bikash%20magadarshan.pdf

अझ यस महासन्धिको धारा १४(२) ले आदिवासीहरूले परम्परागतरुपमा ओगटी आएका सामुहिक भूमिको पहिचान गर्न सरकारले आवश्यकिय कदम चाल्नु पर्नेछ, र त्यसमा उनीहरूको स्वामित्व तथा आधिपत्यको अधिकारलाई प्रभावकारीरुपमा संरक्षण गर्ने सुनिश्चिता गरिनु पर्नेछ भन्ने व्यवस्था गरेको छ। सोहि महासन्धिको धारा १५(१) ले आदिवासीहरूको विशेषगरि भूमिसंग सम्बन्धित प्राकृतिक स्रोतको अधिकारलाई सुरक्षा गरिनु पर्ने व्यवस्था गरेको छ । यि अधिकारहरूले सम्बन्धित आदिवासीहरूको ति स्रोत उपयोगमा सहभागीता, व्यवस्थापन र संरक्षणको अधिकारहरूलाई समावेश गर्दछ ।

अझ उक्त निर्देशिकाले आदिवासीहरूको अधिकार सम्बन्धमा संयुक्त राष्ट्र संघीय घोषणा पत्र सम्बन्धि केही पनि उल्लेख गरेको छैन । न त सामुदायिक वन उपभोक्ता समूहको महासंघ (फेकोफन) ले न नेपाल सरकारको वन मन्त्रालयले यो निर्देशिका आईएलओ महासन्धि नं. १६९ सँग मेल खान्छ कि खादैन भनेर समिक्षा गरेको छ ।

*२.१.३ निर्देशिका र नीति निर्माणमा आदिवासीहरूको अर्थपूर्ण सहभागिता र प्रतिनिधीत्व गर्ने प्रावधान छैनः* नीति निर्णय गर्न, पहिले र अहिलेको सामुदायिक वन विकास कार्यक्रम निर्देशिका बनाउन राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ सहित आदिवासी, आदिवासी महिला र उनीहरूको प्रतिनिधीमुलक संस्थाको सहभागिता र प्रतिनिधित्व गराईएको छैन । सामुदायिक वनको सबै ५ वटा राष्ट्रिय महाधिवेशनहरू, वन ऐन र वन नियमावली निर्माणमा आदिवासी, आदिवासी महिला र उनीहरूको प्रतिनिधीमुलक संस्थाको सहभागिता र प्रतिनिधित्व पनि उही अवस्था छ । यस्तो स्थिति रहेता पनि निर्देशिकाको दोस्रो पेजमा आदिवासी, विभिन्न जाति, महिला सहित उपभोक्ताहरूको अधिकार र उनीहरूको सक्रिय सहभागितालाई सुनिश्चित गर्ने र आईएलओ महासन्धि नं. १६९ को प्रावधानहरूलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्ने कुरा निर्देशिकाको दोस्रो संसोधनमा दावी गरिएको थियो । यो

दोस्रो निर्देशिका सरोकारवालाहरूको स्थानिय तहदेखि केन्द्रिय तहमा बृहत्तर परामर्श र अन्तरक्रिया गरि बनाईएको थियो भन्ने दावी गरिएको छ यद्यपि आदिवासी महिलाहरूको कुनै पनि अधिकार त्यसमा अहिलेसम्म राखिएको छैन । निर्देशिकामा के कुरा समस्यामुलक छ भने आदिवासी महिला सहित आदिवासी समुदायलाई सरोकारवालाहरू मध्ये एक सरोकारवाला मानिएको छ तर उनीहरू सरोकारवाला मात्र नभएर युएनड्रिप र आईएलओ महासन्धि नं. १६९ अनुसार उनीहरूको पुर्ख्यौली/प्रथाजनित भूमि, भूक्षेत्र र स्रोतहरूको अधिकारवाला हुन ।

यद्यपी उक्त निर्देशिकाले आईएलओ महासन्धि नं. १६९ का प्रावधानहरूलाई कार्यान्वयन गर्ने प्रतिवद्धता उल्लेख गरेको छ तर यो निर्देशिका बनाउने सम्पूर्ण प्रक्रियामा न त यसले आदिवासीहरूसंग स्वतन्त्र, अग्रिम जानकारी सहितको मन्जुरी (एफपिक) लियो न त आईएलओ महासन्धि नं. १६९ तथा युएनड्रिप अनुसार उनीहरूको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्व नै गराउने काम गर्यो । निर्देशिकामा युएनड्रिप उल्लेख छैन जस्तो कि यो छदै छैन र राज्य कार्यान्वयन गर्न बाध्य छैन । समग्रमा निर्देशिका आईएलओ महासन्धि नं. १६९ र युएनड्रिप अनुरुप छैन । निश्चय नै आईएलओ महासन्धि नं. १६९ लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने प्रतिवद्धता भने सकारात्मक छ तर दुर्भाग्य ६६ पेज लामो निर्देशिकामा उक्त प्रतिवद्धता स्पष्टरुपमा देखिन्दैन ।

उक्त निर्देशिकामा भएको उपभोक्ता समूहमा ५०% महिला सहित गरिव, महिला, दलित, आदिवासी जनजातिको समानुपातिक प्रतिनिधीत्व हुनु पर्ने कुरा सकारात्मक छ यद्यपी पर्याप्त छैन । यति हुदा हुदै आदिवासीमा ५०% आदिवासी महिला हुनु पर्ने उल्लेख गर्न यो असफल भएको छ, र समग्र महिलामा आदिवासी महिला, दलित महिला, मधेसी महिला र मुस्लिम महिलाको समानुपातिक प्रतिनिधीत्व गराउनु पर्ने उल्लेख गर्न असफल भएको छ ।

*२.१.४ आईएलओ महासन्धि नं. १६९ र युएनड्रिप अनुसार नीति पहिचान र शशक्तिकरण भएको छैनः* निर्देशिकाको च्याप्टर २ पहिचान र शशक्तिकरण सम्बन्धि छ । यसमा आदिवासी सहित विभिन्न जाति तथा महिलाहरूको प्रतिनिधित्वबाट जिम्मेवारी बाडीएको एक सहयोग समिति बनाउने कुरा छ । उक्त समितिले घरधुरीको आधारमा प्रयोग तथा उपभोग गर्नेहरूको पहिचान गर्दछ घरधुरी जो परम्परागत उपभोगकर्ता हुन, जो वनमा बाचेका छन्, जस्ले वन संरक्षण र व्यवस्थापनमा योगदान दिन सक्दछन् । उक्त समितिले वनको पनि पहिचान गर्दछ जो परम्परागतरुपमा प्रयोग उपभोग भईआएको छ र जस्ले वन संरक्षण र व्यवस्थापन गर्न सक्दछन् । आदिवासी सहित विभिन्न जाति र महिलाको जीवन निर्वाह चल्ने विभिन्न समूहलाई सामुदायिक वनको योगदान भन्ने शशक्तिकरणको बिषय समावेश छ । वन ऐन, वन गुरु योजना, निर्देशिका, वन क्षेत्रमा लैंगिक तथा सामाजिक समावेशी रणनीति जस्ता सामाग्रीहरू सशक्तीकरणको प्रक्रियामा प्रयोग गर्न सकिन्छ भनि निर्देशिकाले सूची बनाएको छ तर निर्देशिकाले आईएलओ महासन्धि नं. १६९ र युएनड्रिपलाई सूचीमा राखेको छैन । परिणामत पहिचान र सशक्तीकरण सम्बन्धको नीति आईएलओ महासन्धि नं. १६९ र युएनड्रिप अनुसार बनेको छैन ।

*२.१.५ आदिवासीहरूलाई अधिकारवालाकोरुपमा नभई उपभोक्तावालाको रुपमा राखिएको छः* निर्देशिकाको विभिन्न ठाउँहरूमा अन्य उपभोगकर्ता गरिव, दलित, मधेसी र महिला जस्तै आदिवासीहरूलाई उपभोगकर्ताहरू मध्ये एक उपभोगकर्ताको रुपमा उल्लेख गरिएको छ । यसको अर्थ निर्देशिकाले आदिवासीलाई अधिकारवालाकोरुपमा व्यवहार गर्न या मान्न सकेको छैन । च्याप्टर ३ मा निर्देशिकाले प्रत्येक सामुदायिक वन उपभोक्ता समूहले आदिवासी सहित विभिन्न जाति, आदिवासीका परम्परागत संघ संस्थाहरू, र महिलाहरू जस्ता विभिन्न समूहहरूसंग छलफल र समन्वय गरेर सो उपभोक्ता समूहको विधान मस्यौदा गरिनु पर्ने मापदण्ड तोकेको छ । यो विधान बार्षिक साधारण बैठकबाट पास गरिनु पर्ने व्यवस्था गरेको छ जस्ले विभिन्न समूहहरू

आदिवासी सहित विभिन्न जाति र महिलाहरूको प्रतिनिधित्व र कम्तिमा ५० प्रतिशत महिला रहेको हुनुपर्ने कुरा सुनिश्चित गर्दछ। उक्त उपभोक्ता समूहको अध्यक्ष या उपाध्यक्ष महिला नै नियुक्त हुनु पर्दछ । उपभोक्ता समूह भन्ने शव्दावलीमा के समस्या छ भने यसले आदिवासीलाई वन तथा अन्य प्राकृतिक स्रोतहरूको अधिकारवाला र संरक्षक या जिम्मावालकोरुपमा अस्विकार गर्दछ भने आदिवासीहरूको सन्तान देखि दरसन्तानसम्म हस्तान्तरण हुदै आएको वन तथा प्राकृतिक स्रोतमाथीको सामुहिक अधिकारलाई अस्विकार गर्दछ । उक्त सामुहिक अधिकारको अर्थ आदिवासी महिला सहित आदिवासीहरू उनीहरूको पुर्ख्यौली या प्रथाजनित भूमीका भूमि, भूक्षेत्र तथा स्रोतहरूको अधिकारवाला तथा संरक्षककर्ता हुन । संविधान, कानून, नीति तथा नियम र निर्देशिकाहरूले आदिवासीहरूलाई अधिकारवाला र संरक्षकको रुपमा व्यवहार गर्दैन स्विकार गर्दैन । यसको सट्टा ति कानूनहरूले आदिवासी र गैरआदिवासी दुवैलाई बहुशव्दावलीहरू जस्तै "उपभोक्ता समूह", "स्थानिय जनता", "स्थानिय समुदाय", "गरिव जनता", "सुविधाबाट बन्चित समूह", "बहिष्कृत समूह", "अल्पसंख्यक समूह"जस्ता शव्दहरूले चिनाउँछन । यसको परिणाम बर्चस्पशाली जात समूह निर्णयकर्ता हुने र उसैले फाईदा लिने स्थिति ल्यायो । उनीहरूको शक्तिवाला राजनैतिक दलका नेताहरू सहित निजामती सेवक, सुरक्षा बल, र शिक्षामा पहुँच नभएका तथा आफ्नो अधिकारबारे सचेत नभएका आदिवासी महिलाहरूको सम्बन्धका कारण यस्तो स्थिति सम्भव भयो । फिल्ड कामको बेला, केहि मुख्य सूचनादाता र समूह केन्द्रित छलफलका सहभागीहरूले आदिवासीहरूलाई आदिवासी र अधिकारवालाकोरुपमा पहिचान र मान्यता दिन निर्देशिका संसोधन हुनै पर्ने सुझाव दिएका थिए ।

*२.१.६ सामुदायिक वन कार्य योजना आईएलओ महासन्धि नं. १६९ र युएनड्रिप अनुसार बनेको छैनः* कार्य योजना सम्बन्धको च्याप्टर ४ मा माग, सप्लाई, वन स्रोतहरू, सामाजिक आर्थिक अवस्था र वातावरणीय स्थितिबारे

सहभागीमुलक स्रोत नक्साङ्कन, सहभागीमुलक वन स्रोत अवलोकन र तथ्यांक विश्लेषणद्धारा संकलन गरिएको सूचना र समुदाय तहको छलफलमा आधारित सामुदायिक वन कार्य योजना तयार गर्न वार्षिक साधारण बैठक आवश्यक पर्दछ । यस्तो वन कार्य योजना वन अधिकृतको अनुमोदन प्राप्त हुनु पर्दछ भने वार्षिक साधारण सभाबाट अनुमोदन गराउनु पर्दछ । फिल्ड कामको समयमा, सामुदायिक वन कार्य योजना निर्णय गर्न आदिवासी र आदिवासी महिलाहरूको अर्थपूर्ण सहभागीता र प्रतिनिधीत्व नहुने कुरा समूह केन्द्रित छलफल (एफजीडि) का सहभागीहरूले बताएका थिए जस्तो कि सामुदायिक वन उपभोक्ता समूहमा आदिवासीहरूको प्रचण्ड बहुमत भएता पनि यो नीति र कानूनको सिमितताले पहिले जस्तो थियो त्यस्तै छ। यति हुदा हुदै योजनाको निर्णय गर्नेमा गैरआदिवासीको संख्या धेरै र आदिवासीहरूको संख्या कम सहभागिता र प्रतिनिधित्व भएको मिश्रीत समुदायमा योजनाको निर्णय गर्नेमा आदिवासीहरूलाई सक्रियरुपमा बहिष्करण गरिन्छ । आदिवासीहरू अधिक र आदिवासीहरूको वर्चस्व भएको सामुदायिक वन उपभोक्ता समूह जस्तै सुनझोरा सामुदायिक वन उपभोक्ता समूहमा आदिवासी धिमाल महिलाहरूको सहभागीता र प्रतिनिधीत्व बढी थियो तर तिनीहरूलाई वन र वन पैदावर प्रयोग गर्ने प्रथाजनित अभ्यासको निरन्तरता दिने निर्णय गर्ने अधिकार भएन किन भने सो उपभोक्ता समूहको अध्यक्ष र मुख्य पदहरूमा गैरआदिवासीहरू रहेको र उनीहरूले निर्णय गर्दथिए । आदिवासीहरूको भूमि, भूक्षेत्र र स्रोतहरूमा स्वामित्व र नियन्त्रण, प्रथाजनित स्वशासन तथा स्वसरकार पद्धति, निर्णय गर्नमा अर्थपूर्ण सहभागीता र प्रतिनिधीत्वको सम्बन्धमा यो निर्देशिका र सामुदायिक वन व्यवस्थापन आईएलओ महासन्धि नं. १६९ र युएनड्रिप अनुसार छैन । अझ, युएनड्रिप अनुसार सामुदायिक वन उपभोक्ता समूहले आदिवासीहरूबाट स्वतन्त्र, अग्रिम जानकारी सहितको मन्जुर (एफपिक) लिनु पर्दछ ।

आदिवासी महिलाहरूले आफ्नै प्रतिनिधिमुलक संस्था र प्रक्रियाबाट

सोझै प्रतिनिधीत्व गर्न पाउने प्रावधान पनि राखिएको छैन । वास्तवमा, आदिवासीहरूलाई आफ्नो भूमि, भूक्षेत्र र स्रोतहरूमा रहेको सामुहिक अधिकारलाई अस्विकार गर्न सामुदायिक वन र अन्य वनहरू निर्माण गरिएको छ र तिनलाई कार्यान्वयन गरिएको छ । सामुदायिक वन र त्यसको योजना प्रथाजनित संस्थाको वन व्यवस्थापन गर्न अभ्यासको लागि हानिकारक छ जस्तै झापा जिल्लामा धिमालको माझी वाराङ, प्रथाजनित संस्थालाई वनको प्रथाजनित स्वामित्व, नियन्त्रण, प्रयोग र प्रयोगको अधिकारबाट टाढा राखिएको र पारिएको छ । समूह केन्द्रित छलफल (एफजिडी) र मुख्य सूचनादातासंगको अन्तर्वाताको समयमा सबै आदिवासी महिलाहरूले उनीहरू यसबारे परिचित नभएको बताए उनीहरूले सामुदायिक वन उपभोक्त समूह न सामुदायिक वन उपभोक्ता समूह महासंघले न त आदिवासीका संस्थाहरूले यस अधिकारबारे तालिम या अभिमुखीकरण कसैले पनि नदिएको बताए ।

*२.१.७ आदिवासीहरूको लागि बिशेष कार्यक्रमको निर्माणः* निर्देशिकाको सकारात्मक कुरा के छ भने यसले आदिवासी, महिला र अन्यको लागि बिशेष कार्यक्रम निर्माण गर्ने उल्लेख गरेको छ । यस्तो व्यवस्था भएता पनि अध्ययन गरिएका जति पनि सामुदायिक वन उपभोक्ता समूहहरूमा आदिवासी महिलाहरूको अधिकारलाई केन्द्रित गरिएको बिशेष कार्यक्रम तथा गतिविधिको स्पष्ट अभाव देखियो ।

*२.१.८ वन कार्य योजनाको कार्यान्वयन आईएलओ महासन्धि नं. १६९ र युएनड्रिप अनुसार छैनः* च्याप्टर ५ मा निर्देशिकाले वन कार्य योजनाको कार्यान्वयनको सुचकहरू राखेको छ जुन आईएलओ महासन्धि नं. १६९ र युएनड्रिप अनुसार छैन । पहिलो सुचक असल शासनलाई सवलीकरण गर्ने रहेको छ जस्तो कि बार्षिक सार्वजनिक सुनुवाई तथा सार्वजनिक अडिटमा आदिवासी जनजाति, महिला र अन्य समूहको निर्णय गर्ने र सकारात्मक हिसावले उनीहरूको नेतृत्व निर्माण, अनुगमन र मुल्याङ्कनमा

अर्थपूर्ण सहभागिता गर्ने । गरिवको जीवन निर्वाह, दिगो वन व्यवस्थापन, वनमा आधारित व्यावसायको विकास, अन्य निकायसंग समन्वय, मानव तथा संस्थागत विकास, सन्जालिकरण र स्वमुल्यान्कन आदी अन्य सुचकहरू राखिएका छन् । यस्तो भएतापनि सामुदायिक वन उपभोक्ता समूहमा आदिवासी महिलाहरूको अर्थपूर्ण सहभागीता अझै पनि धोखापूर्ण सपना भएको छ ।

*२.१.९ सामुदायिक वनको अवधारणा र सिर्जना आईएलओ महासन्धि नं. १६९ र युएनड्रिप अनुसार छैनः* युएनड्रिपको धारा २६ अनुसार (१) आदिवासीहरूले परम्परागतरुपमा स्वामित्व भएका, ओगटेका या अन्य हिसावले प्रयोग गरेका या प्राप्त गरेका भूमि, भूभाग र स्रोतहरूमा आदिवासीहरूको अधिकार रहन्छ, (२) परम्परागत स्वामित्व या अन्य परम्परागत पेशा या प्रयोग या उनीहरूले अन्य हिसावले प्राप्त गरेका भूमि, भूक्षेत्र र स्रोतहरूमाथी आदिवासीहरूको स्वामित्व, प्रयोग, विकास र नियन्त्रणको अधिकार रहन्छ, र (३) राज्यले यि भूमि, भूक्षेत्र र स्रोतहरूलाई कानूनी मान्यता र सुरक्षा दिईनु पर्नेछ । यस्तो मान्यता आदिवासीहरूको चलन, रीतीथिति र भूमि उपभोग प्रणालीलाई सम्मान गर्दै सञ्चालन गरिनु पर्दछ । भूमि, भूक्षेत्र र स्रोतहरू सम्बन्धमा आईएलओ महासन्धि नं. १६९ को प्रावधान पनि उही नै छ । यस्तो भएता पनि सामुदायिक वन वास्तवमा आदिवासीहरूको यि अधिकारको विरुद्ध छ जस्तो कि सामुदायिक वनले भूमि, भूक्षेत्र र स्रोतहरूको अधिकार, नियन्त्रण, स्वामित्व र विकासको अधिकारबाट टाढा राख्छ ।

संक्षेपमा, निर्देशिकाको कार्यान्वयन आईएलओ महासन्धि नं. १६९ र युएनड्रिप अनुसार छैन र अनुकुल छैन । युएनड्रिपको धारा २७ अनुसार आदिवासीहरूले परम्परागत रुपमा अपनत्व तथा स्वामित्व लिएका या कुनै हिसावले ओगटेका या प्रयोग गरेका सहित आदिवासीका भूमि, भूभाग र स्रोतहरूलाई पहिचान दिन र निश्चय गर्न आदिवासीहरूको कानून, प्रचलन, चलन/रितीथिती र भूमि उपभोग प्रणालीलाई मान्यता दिएर राज्यले आदिवासीहरूको समन्वय र सहयोगमा स्वच्छ, स्वतन्त्र, पक्षपातरहित, खुला र

पारदर्शी प्रक्रिया स्थापना गर्नु पर्नेछ र कार्यान्वयन गर्नु पर्नेछ। आदिवासीहरूलाई यस प्रक्रिया सहभागी हुन पाउने अधिकार हुनेछ । अभ्यासमा, आदिवासी महिलाहरूको भूमि, भूक्षेत्र र स्रोतहरूमा रहेको अभ्यासहरू, चलनहरू र प्रथाजनित कानूनहरू सामुदायिक वन उपभोक्ता समूहले पूर्णतया वेवास्ता गरेको छ ।

२.२ **सामुदायिक वन कार्यान्वयन निर्देशिका पुनः निर्माण गर्ने कार्य** [10] : परिवेश परिवर्तन र सामुदायिक वन उपभोक्ता समूहहरूले पाएको अनुभवहरूका आधारमा सरोकारवालाहरूले वर्तमान सामुदायिक वन कार्यान्वयन निर्देशिका पुन हेर्नु पर्ने आवश्यक्ता महशुस गरेका छन् । यसरी नै सामुदायिक वनको आम्दानी विभिन्न गतिविधिहरूमा खर्च गरिएको छ खासगरि सामुदायिक विकासमा जस्तो कि सडकमा, विद्यालयमा, मन्दिर निर्माणमा, सिञ्चाईमा जहा समाजको खास समूहले सोझै फाईदा पाएको छैन । त्यसैले, सामुदायिक वन कोषको उपयुक्त प्रयोगको लागि यो निर्देशिका पुनः हेर्न (Revise गर्न) एकदमै जरुरी भईसकेको छ । त्यसकारण, वन विभाग अन्तर्गतको सामुदायिक वन प्रभागले सरोकारवालाहरूको परामर्शमा निर्देशिका पुनर्लेखन गर्ने मस्यौदा गरिरहेको छ । केही मुख्य सूचनादाताहरूले भनेका छन कि यो पुनर्लेखनको लागि मस्यौदा गरिएको सुधारिएको निर्देशिका आईएलओ महासन्धि नं. १६९ र युएनड्रिप अनुरुप बनेको छैन भने यो बनाउने यस्ता औजारहरूलाई बिचार गरिएको छैन ।

२.३ **वन ऐन १९९३** [11]

सामुदायिक वनलाई वन ऐनले निर्देशित गर्ने भएकोले वन ऐन १९९३

10 http://nepalpolicynet.com/images/documents/forest/research/Current%20Status%20of%20CF%20in%20Nepal.pdf

11 **FOREST ACT 2049 (1993)** (OFFICIAL TRANSLATION)

Translated by: Law Books Management Board/HMGN May 22, 1995
Produced by: Ministry of Forest and Soil Conservation Forestry Development Project HMGN/USAID file:///C:/Users/Avilekh/Downloads/Forest%20Act_Eng.pdf

लाई समिक्षा गर्ने नीति पनि उत्तिकै महत्वपूर्ण छ । सामुदायिक वनसंग सम्बन्धित प्रावधानका सम्बन्धमा ऐनको दफा २५ देखि ३० सम्म च्याप्टर ५ छुट्टै छ। वन ऐन १९९३ ले आदिवासी र आदिवासी महिलाको अधिकारलाई नजर अन्दाज गरेको छ भने आदिवासी तथा आदिवासी महिलाहरूको अधिकारलाई पहिचान तथा मान्यता दिन विभिन्न हिसाव तथा तरिकाले असफल भएको छ ।

जिल्ला वन अधिकृतले समुदाय जो परम्परागत उपभोक्ता हुन तिनीहरूलाई राष्ट्रिय वनहरू हस्तान्तरण गर्न सक्ने प्रावधान वन ऐनमा रहेको छ। यस ऐनको दफा २५ ले "(१) जिल्ला वन अधिकृतले राष्ट्रिय वनको कुनै हिस्सा सामुदायिक वनकोरुपमा उपभोक्ता समूहलाई हस्तान्तर गर्न सक्छ। सामुदायिक वन भन्नाले जसलाई उसको कार्ययोजना अनुसार वन विकास, संरक्षण, प्रयोग र व्यवस्थापन गर्न अनि स्वतन्त्ररुपले मुल्य निर्धारण गरेर वन पैदावरहरू बेच्न र बितरण गर्न सक्छ । सामुदायिक वन हस्तान्तरण गरिरहदा जिल्ला वन अधिकृतले आबद्धताको प्रमाण पत्र दिइनु पर्नेछ", र "(२) नियमानुसार जिल्ला वन अधिकृतले सव सेक्सन (१) को उद्देश्यको लागि उपभोक्ता समूहलाई परिचालन गरी र कार्य योजना बनाउन आवश्यक पर्ने प्राविधिक र अन्य सहयोग दिएर उपभोक्ता समूह बनाउन सक्छ" । यस दफाले आदिवासीहरूलाई अलग मानव समूह र अधिकारवाला हुन भन्ने मान्यता तथा पहिचान गर्न असफल छ। यसको सट्टा, यसले सबै सामुदायिक सदस्यहरू चाहे तिनीहरू आदिवासी हुन या नहुन सबैलाई ऐन अनुसारको उपभोक्ताको अधिकार हुने उपभोक्ताको संकेत गर्दै आदिवासीहरूलाई "स्रोतहरूको परम्परागत उपभोक्ता" कोरुपमा एउटै बास्केटमा हालिदिएको छ। यसको दफा २७ को सामुदायिक वन खाकामा सरकारले उक्त उपभोक्ताको अधिकार कुनै पनि समयमा खोस्न सक्ने व्यवस्था छ। यसले "सेक्सन २५ अनुसार हस्तान्तरण भएका सामुदायिक वनमा कार्य योजना अनुसार उपभोक्ता समूहले काम गर्न सकेको छैन या वातावरणमा प्रतिकूल असर पुग्ने गरि काम

भएको छ या नियम तथा ऐन अनुसार पुरा गरिनु पर्ने कामहरू तोकिएको शर्तहरू अनुरुपका कामहरू नमिलेको अवस्थामा जिल्ला वन अधिकृतले यस्ता उपभोक्ता समूहको दर्ता खारेज गर्ने निर्णय गर्न सक्छ र सामुदायिक वन फिर्ता लिन सक्छ" ।

ऐन अनुसार सामुदायिक वनको भूमिको स्वामितव राज्यमा रहन्छ जहा उपभोगको अधिकार सामुदायिक उपभोक्ता समूहमा रहन्छ, र प्रत्येक घरधुरी सदस्यता ईकाईको रुपमा पहिचान तथा मान्यता दिईएको हुन्छ अनि प्रत्येक सदस्यको स्रोतमा बराबर अधिकार रहन्छ । यहा यो नोट गरिनु पर्दछ कि आदिवासीहरूले आफ्नो पुर्ख्यौली तथा प्रथाजनित भूमि राज्यलाई कहिल्यै दिएका थिएनन् यसको विपरित बिगतमा राज्यले आदिवासीहरूको भूमि "खाली भूमीमा जो बस्यो त्यसैको हुन्छ" र "सबै भूमि राजाको हुन्छ" भन्ने रिगालियन सिद्धान्त प्रतिपादन गरेर खोस्यो भने सबै "भूमि राज्यको हुन्छ" भन्ने ईमिनेण्ट डोमेनको सिद्धान्त प्रयोग गरेर बर्तमानमा आदिवासीहरूको भूमि राज्यले खोसिरहेको छ । आदिवासीहरूको भूमिलाई राज्यले खाली भूमिकोरुपमा लिन्छ किन भने आदिवासीहरूसंग भूमिको स्वामित्व देखाउने कुनै लिखित दस्तावेज छैन । रिगालियन सिद्धान्तले सबै भूमि राजा हो भन्ने मान्दछ र राजालाई मात्र ति भूमिको अधिकार र राजाको ईच्छामा ति भूमि बितरण गर्ने अधिकार रहन्छ भन्ने मान्दछ । ईमिनेण्ट डोमेन भन्नुको अर्थ राज्यको अधिकार क्षेत्र भित्रका सबै भूमिमा राज्यको सार्वभौम अधिकार रहन्छ भन्ने हो । त्यसैले राज्यलाई व्यक्तिगत सम्पतिकारुपमा रहेका भूमि सार्वजनिक प्रयोजनको लागि क्षतिपुर्ति दिएर लिने अधिकार छ जस्तो कि व्यक्तिगत भूमि । अर्कोतिर, आदिवासीहरूलाई भूमि, भूक्षेत्र र स्रोतहरूमा सामुहिक अधिकार रहन्छ । त्यसैले, उनीहरूको सामुहिक स्वामित्व, नियन्त्रण, पहुँच, प्रयोग र वनको व्यवस्थापनलाई सिमित गर्दै प्रयोग या उपभोक्ताको मात्र अधिकारले आईएलओ महासन्धि नं. १६९ र युएनड्रिपको उल्लंघन हो ।

आईएलओ महासन्धि नं. १६९ को धारा १४ ले भन्छ (१)"उपयुक्त केशहरूमा सम्बन्धित आदिवासीहरूले नओगटेका भूमि तर उनीहरूले जीवन निर्वाह र परम्परागत गतिविधिहरू गर्न परम्परागतरुपमा पहुँच भएका भूमि उपभोग गर्न सम्बन्धित आदिवासीको अधिकारलाई सुरक्षा गर्ने उपायहरू लिन सकिनेछ । यस सम्बन्धमा, घुमन्ते र सर्दैसर्दै ठाउँसार खेती गर्ने मानव समूहको परिवेशलाई बिशेष ध्यान दिईनेछ, र (२) ति सम्बन्धित मानिसहरूले परम्परागतरुपमा ओगटेका भूमिलाई पहिचान गर्न र तिनीहरूमा रहेको स्वामित्व र अन्तरनिहीत अपनत्वको अधिकारलाई प्रभावकारी सुरक्षाको सुनिश्चितता गर्न सरकारले आवश्यक कदम लिनेछ" । अझ यो ऐन आईएलओ महासन्धि नं. १६९ को धारा १५ संग मिल्दैन । महासन्धिको धारा १५ ले आदिवासीहरूको भूमिसंग गासिएको प्राकृतिक स्रोतको अधिकारलाई बिशेषरुपमा सुरक्षा गरिनेछ भन्दछ । ति अधिकारहरूले स्रोतहरूको संरक्षण, व्यवस्थापन र उपभोगमा सहभागी हुन पाउने अधिकारहरूलाई समावेश गर्दछ ।"

यसैगरि, वन ऐन १९९३ को प्रावधान युएनड्रिप अनुसार छैन । युएनड्रिपको धारा २६ अनुसार (१) "आदिवासीहरूले परम्परागतरुपमा स्वामित्व लिएका, ओगटेका या अन्य हिसावले प्रयोग गरेका या प्राप्त गरेका भूमि, भूभाग र स्रोतहरूमा आदिवासीहरूको अधिकार रहन्छ" । (२) आदिवासीहरूले परम्परागत स्वामित्व या अरु परम्परागत व्यवसाय या प्रयोग साथसाथै उनीहरूले कुनै हिसावले प्राप्त गरेका कारणबाट उनीहरूको आफ्नो भएको भूमि, भूक्षेत्र तथा स्रोतहरू माथी आदिवासीको नियन्त्रण, अपनत्व, प्रयोग र विकासको अधिकार हुन्छ", र (३) "राज्यले ति भूमि, भूक्षेत्र र स्रोतहरूलाई मान्यता र सुरक्षा दिईनु पर्नेछ । यस्तो मान्यता सम्बन्धित आदिवासीको चलन, रितीथिती र भूमि उपभोग प्रणालीलाई उचित सम्मान गरेर दिईनु पर्दछ" ।

## २.४ वन क्षेत्र नीति २०००[12]

सुरुमा, सामुदायिक वन कार्यक्रम संरक्षणमा केन्द्रित थियो । बिस्तारै यसको फोकस समुदाय सशक्तीकरण र समुदाय विकास तथा वन व्यवस्थापनको लागि संस्था निर्माणतिर सर्दै गयो ।  सरकारको वर्चस्वका कारण वन व्यवस्थापनको संरक्षण सवालमा सन् २००० को वन क्षेत्र नीति फर्केर आयो ।

"तराई, चुरे र भित्री तराईको वन व्यवस्थापनको नयाँ अवधारणा सम्बन्धको एक सेक्सन अनुसार "तराई, चुरे पहाड र भित्री तराईको नांगो र एकान्तको वन भूमि सामुदायिक वनकोरुपमा हस्तान्तरणको लागि उपलव्ध गराईने छ । सामुदायिक वन कार्यान्वयन योजना बनाईनेछ र वन पैदावरको बजारसँग सम्बन्धित दिइएको निर्देशिका र वार्षीक बढोत्तरीको आधारमा वन पैदावर प्रयोग गरिनेछ" । (MoFSC 2000) [13]

"सामुदायिक वनको मुख्य उद्देश्य स्थानिय समुदायको दाउरा, घाँस र साना काठ रुखहरू जस्ता आधारभूत आवश्यकता परिपुर्ति गर्ने हो, जब सामुदायिक वन उपभोक्ता समूहले बढी भएको काठ रुखहरू बेच्दछ, तराई, सिवालीक (चुरे) र भित्री तराईको बढी काठहरूको ४% कमाई कार्यक्रम कार्यान्वयको लागि सरकारले संकलन गर्दछ" ।[14]

वनका ६ वटा प्रकारहरू मध्ये सामुदायिक वन एक हो जुन "राष्ट्रिय वनको अंश हो र त्यो स्थानियको आधारभूत आवश्यकता परिपूर्ती गर्नको लागि सामुदायिक वनकोरुपमा वन संरक्षण, व्यवस्थापन र प्रयोग गर्न उपभोक्ता समूहलाई हस्तान्तरण गरिएको हो" ।[15]

12 http://extwprlegs1.fao.org/docs/pdf/nep150857.pdf

13 MoFSC (2000) **ForestrySector Policy 2000**, Kathmandu: Ministry of Forests and Soil Conservation (MoFSC), His Majesty's Government of Nepal. Page 12.

14 Ibid

15 Ibid. Page 18

यि प्रावधानहरू आदिवासीहरूको भूमि, भूक्षेत्र र सोतहरूमा स्वामित्व, नियन्त्रण, पहुँच र प्रयोगको अधिकारलाई सुनिश्चित गर्ने आईएलओ महासन्धि नं. १६९ र युएनड्रिपका प्रावधानहरूको खिलापमा छन् ।

## २.५ सामुदायिक वन उपभोक्ता समूहको महासंघ (फेकोफोन), नेपालको नीति संक्षेप

सामुदायिक वन उपभोक्ता समूहको महासंघ (फेकोफोन), नेपाल भनेको नेपाल भरिका २२,२६६ भन्दा बढी सामुदायिक वन उपभोक्ता समूह र अन्य समुदायमा आधारित वन व्यवस्थापन समूहहरूको औपचारिक नेटवर्क (सन्जाल) हो । फेकोफोनले यूएसएडको सहयोगमा २ वटा नीति संक्षेप निकालेको छ । पहिलो हो सामुदायिक वनमा महिलाहरूको अधिकार[16] जस्ले वन क्षेत्रमा समानुपातिक समावेशी प्रतिधित्व, सकारात्मक विभेद, पैतृक सम्पतिमा समान अधिकार, वन स्रोतहरूमा पहुँच, सचेतना बृद्धि र महिला माथी रहिरहेको हिंसा जस्ता महिलाहरूको संवैधानिक र कानूनी अधिकारमा केन्द्रित गर्दछ । यो नीति संक्षेप समस्यामुलक छ किन भने आदिवासी महिलाहरूलाई आदिवासीको रुपमा स्पष्टढंगले मान्यता दिईएको र उल्लेख गरिएको छैन ।

दोस्रो नीति संक्षेप हो सामुदायिक वन र स्थानिय सरकारवीचको संयुक्त काम र समन्वय[17] यसले अधिकारहरूको संवैधानिक विभाजन, र स्थानिय, क्षेत्रिय, संघिय सरकारका साझा तथा आ-आफ्नै अधिकार क्षेत्र भित्रका अधिकारको अवसर र महत्व, सामुदायिक वन उपभोक्ता समूहको स्वायत्तता, प्राथमिकता र अधिकार, तिनीहरू वीचको अन्तर सम्बन्ध, सम्भावित अन्तर्राष्ट्रिय संरचना, बार्षिक कार्य योजना र बजेटिङ, पर्यटन,

16 http://fecofun.org.np/downloads/Policy-Brief-Women-Rights-in-CF-Final-from-Press-21-June.pdf

17 http://fecofun.org .np/downloads/Coordination-and-Interrelation-between-Local-Government-Community-Forestry-2 3-Apr.pdf

फाईदा वाडफाड, र न्याय जस्ता बिषयहरूलाई समेट्छ । यद्यपी कहि कहि समावेशी भन्ने शव्द प्रयोग गरिएको भए पनि आईएलओ महासन्धि नं. १६९ र युएनड्रिपले सुनिश्चित गरेको आदिवासी र आदिवासी महिलाहरूको अधिकारलाई स्पष्टरुपमा उल्लेख गरेको छैन । सामुदायिक वन उपभोक्ता समूह र स्थानिय निकाय दुबैले आदिवासीहरूको प्रथाजनित स्वसरकार प्रणालीलाई क्षति गरेको छ ध्वस्त गरेको छ । सामुदायिक वन जो आदिवासीहरूको प्रथाजनित भूमिमा रहेका छन् तिनीहरू सबैलाई आदिवासीहरूले सामुहिक र उनीहरूको प्रथाजनित स्वसरकारको प्रणाली अनुसार स्वामित्व र व्यवस्था गरिनु पर्ने हुन्छ ।

सारमा नीति समिक्षाले सामुदायिक वन र सामुदायिक वन उपभोक्ता समूह सम्बन्धका सरकारको कानून, नीति र निर्देशिकाले आईएलओ महासन्धित नं. १६९ र युएनड्रिपले सुरक्षित गरेको आदिवासीहरूको भूमि, भूक्षेत्र र स्रोतहरूमा रहेको अधिकारलाई खोस्ने काम गरेको छ । आईएलओ महासन्धि नं. १६९ र युएनड्रिपले सुनिश्चित गरेका आदिवासी सहित आदिवासी महिलाहरूको अधिकारलाई देश भित्र सुनिश्चित गर्न सुस्पष्ट नीतिको अभाव छ । आदिवासी महिलाहरूलाई अधिकारवालाको रुपमा नभएर उपभोक्तावालाको व्यवहार गरेर उनीहरूलाई अधिकार उपभोग गर्नबाट बन्चित गरिएको छ ।

# ३. सामुदायिक वन उपभोक्ता समूहले गरेको आदिवासी महिलाहरूको बहिष्करण

यो सेक्सनले सामुदायिक वनको स्वामित्व, सदस्यता, नेतृत्व, व्यवस्थापन, ५ बर्षे/३ बर्षे/ बार्षिक कार्य योजना तर्जुमा र आदिवासी पहिचान सहित सहभागीता र प्रतिनिधीत्वमा आदिवासी महिलाहरूलाई बहिष्करण र असमानता भएको अनुभवलाई समेट्छ। यस अध्ययनले पाएको कुराहरू निम्न बमोजिम रहेको छः

### ३.१ सामुदायिक वन स्वामित्व सम्बन्धि अनुभवहरू

सामुदायिक वनहरू सरकारको स्वामित्व रहेका र सरकारद्वारा नियमन भईरहेका छन । सरकारले सामुदायिक वन उपभोक्ता समूहलाई व्यवस्थापन गर्न दिएको छ । यद्यपी आईएलओ महासन्धि नं. १६९ को धारा १४ ले आदिवासीहरूको पुर्ख्यौली भूमीमा आदिवासीहरूको अधिकार हुन्छ भन्ने व्यवस्थालाई सरकारले अर्थपूर्ण रुपमा कार्यान्वयन गरेको छैन । भूमि सम्बन्धमा यस महासन्धिको धारा १४ को उपधारा १ र २ अनुसार,

१. परम्परागतरुपमा ओगटि आएको भूमीमाथि सम्बन्धित आदिवासीको स्वामित्व र अपनत्वको अधिकारलाई मान्यता दिईनु पर्ने हुन्छ। त्यसमा थप, भूमि ज्यादातर प्रयोग नगरिएको तर उनीहरूको जीवन निर्वाह र परम्परागत गतिविधिहरूको लागि परम्परादेखि नै पहुँच भईआएको भूमि प्रयोगको अधिकारलाई उपयुक्त केशहरूमा सुरक्षा गर्ने उपायहरू लिइनु पर्नेछ। यस सम्बन्धमा घुमन्ते समूह र सरुवा (ठाउसार) खेती गर्ने समूहको परिवेशलाई विशेष ध्यान दिईनु पर्नेछ।

२. सरकारले सम्बन्धित समुदाय जस्ले परम्परागतरुपमा ओगटिआएको भूमिको पहिचान गर्न, र उक्त भूमिमा उनीहरूको स्वामित्व र अपनत्वको

अधिकारलाई प्रभावकारी रक्षा गर्ने सुनिश्चिततताका आवश्यकिय कदमहरू चाल्नु पर्नेछ ।

प्राकृति स्रोत समबन्धमा यस महासन्धिको धारा १५ को उपधारा (१) अनुसार

१. यी समुदायसंग सम्बन्धित र तिनको अधिनमा रहेको उनीहरूको भूमीमा रहेका प्राकृतिक स्रोतको अधिकारलाई विशेष रुपमा सुरक्षा गरिनु पर्नेछ । यी अधिकारहरूमा यी समुदायको उक्त स्रोत प्रयोग, व्यवस्थापन र संरक्षण गर्न सहभागी हुन पाउने अधिकारहरू समावेश हुन्छन् ।

यसैगरि, युएनड्रिपको धारा २६ अनुसार,

१. परम्परागतरुपमा अधिनमा रहेका, ओगटेका या कुनै हिसावले प्रयोग तथा प्राप्त गरेका आदिवासीहरूको भूमि, भूक्षेत्र र स्रोतमा अधिकार रहन्छ ।

२. परम्परागत स्वामित्व या अन्य परम्परागत पेशा व्यवसाय या प्रयोग साथसाथै सो उनीहरूले कुनै हिसावले प्राप्त गरेका कारणले उनीहरूको अधिकार या अधिनता रहेका भूमी, भूक्षेत्र र स्रोतहरूमाथी आदिवासीहरूको अपनत्व तथा स्वामित्व, प्रयोग, विकास र नियन्त्रणको अधिकार रहन्छ ।

३. यी भूमी, भूक्षेत्र र स्रोतहरूलाई राज्यले कानूनी मान्यता र संरक्षण दिईनु पर्नेछ । यस्तो मान्यता सम्बन्धित आदिवासीहरूको रितिथिती, प्रचलन र भूमि उपभोगको प्रणालीलाई उचित सम्मानका साथ प्रदान गरिनु पर्नेछ ।

यसैगरि, युएनड्रिपको धारा २८ अनुसार,

१. आदिवासीहरूको भूमि, भूक्षेत्र र स्रोतहरू स्वतन्त्र, अग्रिम जानकारी

सहितको मन्जुरी नलिई खोसिएको, हरण गरिएको, ओगटिएको या प्रयोग या नष्ट भए आदिवासीहरूलाई त्यसको हर्जाना, यो सम्भव नभए न्यायिक, निपक्ष समतामा आधारित क्षतिपूर्ति जस्ता उपायहरू समावेश भएका उपचार पाउने अधिकार रहन्छ ।

आदिवासीहरूको भूमि, भूक्षेत्र र स्रोतमा रहेको स्वामित्व र नियन्त्रण गुमेको अवस्थामा जस्तो कि उनीहरूलाई अधिकारवाला नमानी सरोकारवाला मानेर या स्थानिय समुदाय सदस्य मानेर र वन स्रोत पहुँचबाट निषेध गरेर सामुदायिक वन उपाभोक्त समूहको सदस्य हुन वाध्य पारिएको छ । यसको बाबजुद, सुनझोरा सामुदायिक वन उपभोक्ता समूहका आदिवासी धिमाल महिलाहरूको सो सिफगमा बहुमत या सदस्य संख्या बढी भएकोले उक्त वन उनीहरूले आफ्नो भएको अपनत्व र अधिनताको अर्थमा बुझेको देखिन्छ । यस्तो भएतापनि, अन्य सामुदायिक वन उपभोक्ता समूहहरूमा गैरआदिवासीहरू बहुमतमा छन् त्यहाँ आदिवासी महिलामा आफ्नै वन भएको महशुस भएको छैन या आफ्नो भन्ने अर्थमा बुझ्न सकेका छैनन् ।

### ३.२ सदस्यता खुला तर आदिवासी महिला सदस्यहरूको सहभागीता कम

आदिवासी महिला सहित आदिवासीहरूको सहभागिता सामुहिक अधिकारको आधारमा नभएर व्यक्तिगत अधिकारको आधारमा भएको छ । यद्यपी सामुदायिक वन उपभोक्ता समूहको सदस्यता सबै समुदायका सदस्यहरू, आदिवासीहरू सहित जात, जातीय समूहहरूलाई खुला छ । आदिवासीहरूको सदस्यता एक सामुदायिक वन उपभोक्ता समूह र अर्को सामुदायिक वनको सदस्यता भन्दा फरक छ, तर सबै सामुदायिक वनमा विभिन्न कारणले आदिवासी महिलाहरू सदस्य भएका छन् । समूह केन्द्रित छलफलका सहभागीहरूले उल्लेख गरे अनुसार केही कारणहरू निम्न अनुसार छन् ।

- रानीवन सामुदायिक वन उपभोक्ता समूहमा प्रत्येक जना सदस्य बन्न

सक्छ, तर अहिले सम्म, सचेतना र सूचनाको अभावका कारण गन्गाई आदिवासी यस सामुदायिक वनको सदस्य बन्न सकेका छैनन ।

- सिंहदेवी सामुदायिक वन उपभोक्ता समूहमा नगन्य मुडियारी तथा उराव पुरुषहरू यसका सदस्य छन तर मुडियारी तथा उराव आदिवासी महिलाहरू भने यसका सदस्य बन्न सकेका छैनन । यसको कारण यस वनका नेतृत्वमा बर्चस्पशाली समुदायका मानिसहरू छन जस्ले उनीहरूलाई अमानवीय अछुत जातको रुपमा व्यवहार गर्द्छन् । केहि मुडियारी र उराव महिला तथा पुरुषको नागरिक्ता छैन जुन नेपालको सरकारी जागिर तथा सेवाको लागि आवश्यक पर्छ । त्यसैले, उनीहरू सामुदायिक वनको सदस्य हुन सकेकका छैनन् ।

- यद्यपी उनीहरूको सामुदायिक वन उपभोक्ता समूहमा प्रत्येक घरधुरीका एक पुरुष र महिला अनिवार्य गरिए पनि उक्त सामुदायिक वनमा महिलाको भन्दा पुरुषको संख्या बढी छ भन्ने कुरा चौकी बिराम सामुदायिक वनका सदस्य रहेका मेचेहरूको समूह केन्द्रित छलफलका सहभागीहरूले भने । मेचे महिलाहरूले रक्सी र जाँड बनाएर बढी पैसा कमाउछन । त्यसैले उनीहरू सामुदायिक वन उपभोक्ता समूहमा संलग्न हुन चाहँदैनन् ।

- हाम्से डुम्से सामुदायिक वन उपभोक्ता समूहमा सदस्यहरू मुख्यरुपमा धिमाल र पुरुषहरू मात्र छन्, एक दलित र एक याक्थुङ (लिम्बु) महिला छन् । यस सामुदायिक वनमा जम्मा १५९ सदस्यहरू मध्ये २ जना धिमाल पुरुष छन् । पुरुषहरू सदस्य हुन्छन किन भने उनीहरू नै घरमुली छन । धिमाल महिलाहरू सामुदायिक वनको सदस्य हुन मन पराउदैनन किन भने उनीहरू परम्परागत वाना (पेटानी) बुनेर बढी पैसा कमाउछन् ।

- पाथीभरा सामुदायिक वन उपभोक्त समूहका राजवंशी सहभागीहरूले बताए अनुसार आदिवासीहरूमा सचेतना तथा सूचना उपलब्ध नभएको कारणबाट उक्त वनमा उनीहरूको समुदायका सबैलाई समेटेको छैन । आदिवासी महिलाहरू उनीहरूको घरको काममा व्यस्त हुन्छन् । सामान्यतया, जस्को श्रीमान विदेश गएका छन् ती महिलाहरू मात्र सहभागी हुन सक्छन् । हम्से दुम्से सामुदायिक वनको क्षेत्रमा धिमाल आदिवासीहरूको बाक्लो बस्ती रहेको छ जहा सदस्यहरूमा धिमाल बढी छन् तर कार्यकारीणी समितिमा भने एकदमै थोरै छन् जस्तो कि सबै निर्णयहरू बर्चस्पशाली जात समूहका मानिसहरू गर्दछन् ।

वन संरक्षण भएकोले, वन सम्बन्धि तालिम पाएकोले, वर्षमा एकमुष्ट फाईदा पाउन सफल भएकोले समूह केन्द्रित छलफलका केही सहभागीहरूले सामुदायिक वन प्रति सकारात्मक दृष्ट्रिकोण राखेको बताए । यस्तो भएतापनि, सबै सामुदायिक वन उपभोक्ता समूहमा, सचेतना र सूचना नपाउनु, घरायसी कामको बोझ बढेकोले र घरको काम तथा बालबच्चाको हेरचार गर्नु पर्ने कारणले आदिवासीहरू मध्ये पुरुषको तुलनामा महिलाहरूको सहभागीता कम छ ।

प्रथाजनित तरिकाले वन पैदावरलाई प्रयोग गर्न नियन्त्रण भएकाले आदिवासी महिलाहरूको सामुदायिक वन प्रतिको दृष्ट्रिकोण सकारात्मक छैन । बर्तमानमा उनीहरू सामुदायिक वनको नियम र विनीयम पालना गर्न वाध्य छन् । आदिवासी महिलाहरू बैठकका माईनटहरूको अनुमोदनमा थपडी बजाउन बार्षिक साधारण सभामा उनीहरूको सहभागीता देखिने हुन्छ तर आदिवासी महिलाहरूलाई ती माईनटहरूमा के छ भन्ने थाहा हुँदैन ।

समूह केन्द्रित छलफलका सहभागीहरूले केही फाईदाहरू पाउनेबारे बताए । आदिवासी महिलाहरू सामुदायिक वनको सदस्य भएको नाताले केही सिमित फाईदाहरू पाउने उदाहरणहरू रहेको बताए । यस्तो कुरा अधिकांशमा

सिमित छः

- समूह केन्द्रित छलफलका एक मेचे सहभागीले भने "सामुदायिक वनको सदस्य भएको महिलाले बच्चा जन्मिएको बेला सामुदायिक वनले १ केजी घिउ र एक हजार रुपैया दिन्छ। सकारात्मक कुरा हामी वनबाट दाउरा ल्याउछौ र केही हदसम्म वन संरक्षण भएको छ" ।
- समूह केन्द्रित छलफलका एक गन्गाई सहभागीले भने "हामी बर्षमा ३ क्वीन्टल दाउरा र घर बनाउन १५ क्युविक फिट काठ पाउछौ। यी हाम्रो आधारभूत आवश्यक्ता पूरा गर्न प्रर्याप्त छैन" ।
- समूह केन्द्रित छलफलका एक सहभागीले भने "गरिवी निवारण कोष ले ६ वटा स्टिचिङ मेशिन र २६ वटा काठको खटिया वितरण गर्यो। १० सन्थाल र ५ गन्गाई परिवार मात्र यस्को फाईदा पाउनेहरू भए" ।
- समूह केन्द्रित छलफलका एक सहभागीले भने "९ बजे बैठक बोलाएको थियो जुन समय महिलालाई मिल्ने समय थिएन। उनीहरू महिला मैत्री समय राख्ने कुरा सोच्दैनन्। बैठकमा प्रायः सबै महिलाहरू बोल्दैनन्। यदि कोही महिला बोलिहाले पनि उनको बिचार र चासोलाई ध्यान दिदैनन् र महत्व दिदैनन्"।
- केही धिमाल समूह केन्द्रित छलफलका सहभागीहरूले भने कि सामुदायिक वनको सदस्य भएको अवस्थामा उनीहरूले केही आकर्षण रकम पाउँछन्। उदाहरणको लागि उनीहरूले घर बनाउन १ क्युविक फिट काठ पाउछन् जस्को लागि उनीहरूले १३८० रुपैया तिर्छन। गरिवी निवारण कोषले ५ सदस्यहरूलाई ५ वटा घर बनाउन प्रति घर बराबर १ लाख रुपैया सहयोग गरेको छ, र उनीहरूका बच्चा तथा युवक युवतीहरूले स्वास्थ्य तालिम पाएका छन्।

- समूह केन्द्रित छलफलका केही सहभागीहरूले भने कि साधारण सभाको बैठकमा प्रत्येकले केही स्नाक्स र रु २०० देखि ३०० सम्म नगदी रकम पाउँछन् । जब उनीहरूका बाल बच्चा विद्यालय जान्छन तव बैठक बोलाईन्छ यसकारण उनीहरूको लागि उक्त समय ठिक समय हो । बैठकको समयमा उनीहरू आफ्नो बिचार राख्न डराउछन र कहिले कहि घरको कामले गर्दा उनीहरू बैठकमा आउन असमर्थ हुन्छन ।
- सिर्जना सामुदायिक वन उपभोक्ता समूहका सहभागीहरूले भने कि कहिले कहि उनीहरूले सामुदायिक वनको बारेमा तालिम पाउछन् । त्यसैले सामुदायिक वन उपभोक्ता समूह प्रति उनीहरूको सकारात्मक दृष्ट्रिकोण छ किन भने समुदायको मानिसहरूलाई यसले हेरचार गरिरहेको छ ।

सारमा, यद्यपि सामुदायिक वन उपभोक्ता समूहको सदस्यता सबैलाई खुला छ तर आदिवासीहरू या त गैरआदिवासीहरूको बर्चस्प भई उनीहरूको प्रथाजनित तरिकाले वनलाई प्रयोग गर्न नदिईने हुदा सदस्य बन्न ईच्छा राख्दैनन् या त सूचनाको अभावका कारण यसबारे उनीहरू अनविज्ञ छन् र सचेत छैनन् ।

### ३.३ योजना बनाउनमा निर्णय गर्ने र सहभागी हुनबाट बहिष्करण

सामुदायिक वन उपभोक्ता समूहले ५ बर्षे योजना तर्जुमा गर्नुपर्ने हुन्छ । कसैले ३ बर्षे योजना बनाउछन र कसैले यसको सट्टामा बार्षिक योजना बनाउँछन् तर प्रत्येक सामुदायिक वनले बार्षिक कार्यक्रम तयार गर्छन् । सबै समूह केन्द्रित छलफलका सहभागीहरूले भने कि सबै सामुदायिक वनमा योजना तथा कार्यक्रम बनाउदा कार्य समितिले आदिवासी महिला सदस्यहरूसँग परामर्श गर्दैन । अझ भन, तिनीहरूले स्वतन्त्र, अग्रिम जानकारी सहितको मन्जुरी लिँदैनन् र सामुदायिक वनसंग सम्बन्धित मामिलामा

आदिवासीहरूबाट यो मन्जुरी लिने काम कहिल्यै भएको छैन । समूह केन्द्रित छलफलका सहभागीका अनुसार आदिवासी महिला सहित सामुदायिक वनका नेता तथा सदस्यहरूसंग यसबारे पूर्ण ज्ञानको अभावमा यस्तो भईरहेको छ र तिनीहरूलाई स्वतन्त्र, अग्रिम जानकारी सहितको मन्जुरी के हो भन्ने थाहा छैन ।

सामुदायिक वनको ३ देखि ५ बर्षको योजना तथा कार्यक्रम बनाउदा कार्य समितिले प्रथाजनित ज्ञान, सिप, प्रविधी, अभ्यास, संस्कार र जीवन निर्वाहलाई प्राथमिकता दिदैन । सामुदायिक वनका यस्ता योजना तथा कार्यक्रमहरू राजनैतिक दलमा सदस्य भएका र झुकाव राख्ने सामुदायिक वनका नेताहरूले बनाउछन् । तिनीहरूले आदिवासी महिलाहरूलाई बैठकबारे सूचना दिन्छन तर तिनीहरू आदिवासी महिलाहरूको आवश्यकता र अधिकारलाई योजना तथा कार्यक्रममा राख्न र आदिवासी महिलाबारेको चासो देखाउन असफल छन र भएका छन् । आदिवासी महिलाहरूमा पनि सामुदायिक वनद्धारा नियन्त्रण गरिएको स्रोतमा पहुँचको लागि यस्ता बैठकहरूको महत्वबारे सचेतनाको अभाव रहेको छ ।

मेचे महिलाहरूले भने कि योजना तथा कार्यक्रमबारेको छलफल समयमा आदिवासी महिलाहरू उपस्थित भईहालेको स्थितिमा कार्य समितिका सदस्यहरू के गर्ने भनेर सोध्ने गर्दछन तर तिनीहरू आदिवासी महिलाहरूको बिचार तथा सुझावहरूलाई बिचार गर्दैनन् या महत्व दिदैनन् । आदिवासी महिलाहरूलाई सामुहिकरुपमा निर्णय गर्न अवसर दिदैनन । प्रथाजनित कानून, अभ्यास, सिप, ज्ञान, जीवन निर्वाहलाई योजना तथा कार्यक्रमको लागि लिईन्न र महत्व दिईन्न किन भने यी बिषयहरू बर्चस्पशाली समुदायसंग सम्बन्धित जात समूहबाट आएका सामुदायिक वनका नेताहरूको लागि चासो र प्राथमिकताको कुरा हुदैन ।

समूह केन्द्रित छलफलका केही सहभागीहरूले यो पनि भने कि यदि आदिवासीहरू निर्णय गर्ने ठाउँमा भए पनि ती निर्णयहरू कार्यान्वयन हुदैनन् । उदाहरणको लागि समूह केन्द्रित छलफलका एक धिमाल सहभागीले भने "सामुदायिक वन योजनामा हाते तान सिप विकास नीति छ तर यो कहिल्यै कार्यान्वयन गरिएको छैन" । सहभागीहरूका अनुसार गैरआदिवासी महिलाहरूले आफुलाई श्रेष्ट ठान्ने र आदिवासी महिलाहरूलाई कमजोर ठान्ने भएकोले कहिले कहि आदिवासी र गैरआदिवासी महिलाहरू वीच द्धन्द्ध हुन्छ ।

सारमा, आदिवासी महिलाहरू मात्र नभएर आदिवासी पुरुषहरूलाई पनि परामर्श गरिएको छैन र ३ देखि ५ बर्षसम्मको योजना र सामुदायिक वनको बार्षिक योजना तथा कार्यक्रम बनाउन आदिवासीहरूको अर्थपूर्ण सहभागीता नभएको माथीका सूचनाहरूले देखाउछ । परिणाम स्वरुप, आदिवासी महिला र समग्र आदिवासी समुदायको अधिकार, सवाल, चासो, र आवश्यकताहरू ति योजनाहरूमा सम्बोधन भएको छैन ।

### ३.४ नेतृत्वमा बहिष्करण

साझा भलाईको लागि सामुदायिक बन उपभोक्त समूहलाई निर्देशन दिन, सदस्यहरूलाई प्रेरणा दिन र अन्यलाई सक्रियरुपमा सहभागी गराउनको लागि नेतृत्व एकदमै महत्वपूर्ण हुन्छ । सबै क्षेत्रका सार्वजनिक पदहरूमा र सामुदायिक वनमा कथित उच्च जातको बर्चस्पलाई निरन्तरता दिएको स्थितिमा आदिवासी महिलाहरू नेतृत्व पदमा छन कि छैनन भनेर हेरीनु आवश्यक छ ।

थोरैलाई छोडेर अधिकांश सबै सामुदायिक वनमा जहा आदिवासीहरू बहुमत अवस्थामा छन् अध्ययन गरिएका प्रायजसो सामुदायिक वनहरूमा आदिवासी महिलाहरू निर्णय गर्ने पदमा संलग्न छैनन । सुनझोरा सामुदायिक

वनमा धिमाल महिलाहरू निर्णय गर्ने पदमा छन तर उनीहरू आदिवासीहरूको अधिकार सम्बन्धि प्रथाजनित तरिकामा वन स्रोत व्यवस्थापन गर्ने, प्रयोग, नियन्त्रण तथा स्वामित्व आदिवासीहरूको हुने सम्बन्भमा उनीहरू कुनै निर्णय गर्न सक्दैनन् र भूमि, भूक्षेत्र र स्रोतहरूका साथै प्रथाजनित स्वसरकार प्रणालीसंग सम्बन्धित आईएलओ महासन्धि नं. १६९ र युएनड्रिपको अर्थपूर्ण कार्यान्वयनको लागि आदिवासी महिलाहरू कुनै निर्णय गर्न सक्दैनन । धिमाल आदिवासीहरूबाट स्वतन्त्र, अग्रिम जानकारी सहितको मन्जुरी लिने सम्बन्धमा निर्णय गर्ने पदमा भएका ति धिमाल आदिवासी महिलाहरू निर्णय गर्न सक्दैनन् । यस्तो भएता पनि, ति आदिवासी महिलाहरूलाई आदिवासी महिलाको अधिकार विरुद्ध निर्णय गर्न अभिप्रेरित गरिन्छ । यसको अर्थ, सामुदायिक वनका नेतृत्वको लागि केही क्राईटेरिया छन् जसले उनीहरूलाई त्यो भन्दा बाहीर जान र निर्णय गर्न दिँदैन । त्यसको अर्थ सामुदायिक वनमा आदिवासी महिलाहरूलाई विभेद हुन्छ । आदिवासी महिलाहरू प्रति गैरआदिवासी महिला असम्बेदनशिल मात्र छैनन् तिनीहरू आदिवासी महिलाको बिरुद्धमा पनि छन् ।

कार्यकारिणी समिति भनेको सबै सामुदायिक वनको मुख्य नेतृत्वदायी र कार्यान्वयकारी निकाय हो । प्रायजसो सामुदायिक वन उपभोक्त समूहमा, अध्यक्ष सहित कार्यकारिणी समिति बर्चस्पशाली जात समूहसंग सम्बन्धित मानिसहरूले प्रतिनिधीत्व गरेका छन्, र थोरै सामुदायिक वन उपभोक्ता समूहमा आदिवासीहरू नेतृत्वमा छन तर नेतृत्वमा रहेका ति आदिवासी महिला तथा पुरुष बर्चस्पशाली जात समूहका मानिसहरूभै सोच्दछन र काम गर्दछन् यदि त्यस्तो नहुने हो भने उनीहरू सो पद तथा नेतृत्वमा पुग्न सक्दैनन् । फिल्ड कामको समयमा, समूह केन्द्रित छलफलका सहभागीहरूले सामुदायिक वनको कार्यकारीणी समितिबाट उनीहरूलाई बहिष्करण गरिएको निम्न सूचना दिएका थिए:

- चौकी बिराम सामुदायिक वनमा १५ कार्यकारीणी समिति मध्ये अध्यक्ष सहित ५ जना मेचे पुरुषहरू सदस्यहरू छन । तर त्यहा मेचे महिलाहरू छैनन् । त्यसकारण त्यहा मेचे महिलाहरूलाई कार्यकारीणी समितिमा बहिष्करण गरिएको छ । यद्यपी उक्त सामुदायिक वनको अध्यक्ष मेचे छन् तर उनले कानून, नियम र सामुदायिक वनको निर्देशिका मान्नै पर्ने भएकोले ति कानून, नियम तथा निर्देशिकाले आदिवासी महिलाको अधिकार र सहभागीता सुनिश्चित गर्दैन ।

- ६३१ हेक्टर भूमि भएको हम्से दुम्से सामुदायिक वनमा जम्मा १५९ सदस्यहरू छन, २३ जनाको कार्यकारीणी समिति छ जस्मा ३ जना आदिवासी पुरुष र ४ जना आदिवासी महिलाहरू रहेका छन् । ३ जना आदिवासी पुरुष मध्ये २ जना धिमाल पुरुष र ४ जना आदिवासी महिलामा सबै धिमाल महिला छन् । यसमा धिमाल महिलाहरू कार्यकारीणी समितिमा बहिष्करण गरिएका या पाखा पारीएका छन । जस्तो कि कार्यकारीणी समितिमा आदिवासीहरूको संख्या कम छ त्यसैले गैरआदिवासी पदाधिकारी सदस्यहरू जो कार्यकारीणी समितिमा दुईतिहाई भन्दा बढी छन तिनलाई आदिवासी सदस्यहरूले प्रभाव पार्न असमर्थ छन् ।

- रानीवन सामुदायिक वनमा जम्मा ९५० सदस्यहरू छन । त्यहा १३ जनाको कार्यकारीणी समिति छ जस्मा ३ जना गन्गाई पुरुषहरू सदस्य छन । त्यहाँ पनि गन्गाई महिलाहरू कार्यकारीणी समितिमा पाखा पारीएका छन् ।

- सुनझोडा सामुदायिक वनमा १९ जनाको कार्यकारिणी समिति छ । त्यसमा ४ धिमाल पुरुष र १ जना अन्य आदिवासी पुरुष छन् । यसमा ४ धिमाल महिला र १ जना नेवार महिला समावेश छन् ।

- सिंहदेवी सामुदायिक वनमा १० आदिवासी सदस्यहरू सहित २१ जनाको कार्यकारीणी समिति छ । मुडियारी महिला र पुरुष दुवै कार्यकारीणी समिति र सामुदायिक वन उपभोक्ता समूहको घरधुरी प्रतिनिधीत्वबाट नै बन्चित छन् । सो समितिका अध्यक्ष र उपाध्यक्ष तामाङ पुरुषहरू छन् भने सेक्रेटरीमा राई महिला छिन् तर तिनीहरू आदिवासी महिलाहरूको अधिकार सुनिश्चित गर्न असमर्थ छन् किन भने तिनीहरूले कानून, नियम र सामुदायिक वनको निर्देशिकालाई मानेर काम गर्नुपर्ने हुन्छ ।

स्पष्टरुपमा, सबै सामुदायिक वन उपभोक्ता समूहमा, थोरै आदिवासी महिलाहरू नेतृत्व पदमा रहेका छन् तर तिनीहरू आईएलओ महासन्धि नं. १६९ र युएनड्रिपले सुनिश्चित गरेका आदिवासीहरूका अधिकारकाबारे निर्णय गर्न सक्दैनन् । समूह केन्द्रित छलफलका सहभागीहरूले यसका कारणहरू बाहुन-क्षेत्री जात समूहका नेता र सदस्यहरूको बर्चस्प, आदिवासी महिलाहरूले समय दिन नसकेको, सचेतनाको अभाव, घरायसी काम, बसाई सराई र शिक्षाको अभाव हुन भनेर बताए ।

सामुदायिक वन उपभोक्ता समूहले सबै सामुदायिक वन उपभोक्ता समूहहरूलाई समेटेर सामुदायिक वन उपभोक्ता समूहहरूको महासंघ (फेकोफोन) नामको एक प्रभावकारी देशव्यापी छाता संगठन बनाए । त्यसैले, यस महासंघको नेतृत्वदायी पदमा आदिवासी महिलाहरूको प्रतिनिधीत्व कुन हदसम्म रहेको छ भनेर बुझ्नु पनि महत्वपूर्ण हुन्छ । यस सम्बन्धमा दस्तावेज समिक्षाले निम्न कुराहरू देखाएको छः

### ३.५ व्यवस्थापनमा बहिष्करण

आदिवासी महिलाहरूले आफ्नो अधिकार उपभोग गर्न सामुदायिक वनको व्यवस्थापनमा सहभागी हुन एकदमै महत्वपूर्ण छ । कुनै पनि सामुदायिक वन उपभोक्ता समूहले आदिवासीहरूको प्रथाजनित व्यवस्थापन अभ्यासलाई

प्राथमिकता दिदैन । सामुदायिक वन व्यवस्थापन, वित्तिय प्रक्रिया, कार्यान्वयन, अनुगमन र मुल्याङ्कन प्रक्रियामा आदिवासी महिलाहरूको अर्थपूर्ण सहभागिता छैन । त्यहा पुरस्कार र दण्डको प्रणाली छैन । त्यहाँ सिमान्तकृत समूहको लागि नीति छ तर आदिवासी महिलाको लागि बिशेष व्यवस्था तथा नीति छैन । समूह केन्द्रित छलफलका सहभागीहरूले भने कि निर्णयहरू अध्यक्ष, सचिव र बाडीएका समितिका कोअर्डीनेटरले गर्दछन् जसमा आदिवासीहरू छैनन् यद्यपी सेक्रेटरी र कार्यालय सहयोगीहरू आदिवासी महिलाहरू छन् र तिनीहरू मात्र दर्शक छन् ।

### ३.६ आदिवासीको पहिचानलाई अर्थपूर्ण मान्यता छैन

सामुदायिक वन उपभोक्ता समूहले आदिवासी महिलाहरूलाई सामुदायिक वन उपभोक्ता समूहको सदस्यकोरुपमा या आदिवासी महिलाकोरुपमा मान्यता दिन्छ भन्ने कुराले आदिवासी महिलाहरूको अधिकारलाई मान्यता दिने कुरामा ठुलो फरक पार्दछ । सबै सामुदायिक वन उपभोक्ता समूहहरूमा आदिवासीहरू सामुदायिक वनको सदस्यकोरुपमा चिन्दछन् भन्नुको अर्थ त्यसले आदिवासीहरूको प्रथाजनित या परम्परागत सांस्कृतिक र धार्मिक अभ्यासहरू साथसाथै दाउरा, स्याउला, जंगली सागसव्जी, फलफूल र माछाहरू संकलन गर्ने अधिकारलाई अस्विकार गरेको छ । त्यसो भएता पनि, दमक नगरपालीकाले झापा दमकका धिमालहरूलाई एक फरक अदिवासीको रुपमा घोषणा गरेको छ । यस्तो मान्यतालाई सामुदायिक वन उपभोक्ता समूहले अझै पनि अंगिकार गर्न वाकी नै छ । अपवादकोरुपमा, चौकी बिराम सामुदायिक वन उपभोक्ता समूहमा, केही मुख्य सूचना दाताहरूले यो वयान गरे कि सामुदायिक वनले आदिवासीहरूको पहिचानलाई मान्यता दिएको छ जसमा सामुदायिक वनका प्रचण्ड बहुमत या अधिकांश सदस्यहरू मेचे आदिवासीहरू रहेका छन् र मुख्य पदमा पनि उनीहरू नै छन् । मेचे आदिवासी महिलाहरू मेचे भनेर जानिन्छ र सामुदायिक वनले जंगली जनावरको सिकार

गर्ने संस्कारदेखि बाहेक उनीहरूलाई वनमा धार्मिक पुजा र संस्कार गर्न दिएको छ । सामुदायिक वनले मेचे महिलाहरूलाई सागपात, सब्जी संकलन गर्न, घोंगी र माछा मार्न दिन्छ तर यसको लागि उनीहरूले सामुदायिक वनबाट आज्ञा स्वीकृति लिनुपर्दछ । निर्णयहरू वन नीति अनुसार लिईन्छ । मेचे महिलाहरूको जीवन निर्वाह परम्परागत रक्सी बनाउने र बेच्नेमा भर रहेको छ । यो उनीहरूको पहिचान भएको छ । घरेलु रक्सी बनाउनेमा मेचे महिलाहरूको बिशेष सिप रहेको छ तर परम्परागत रक्सी बनाउनको लागि ईष्ट (मोर्चा) बनाउन आवश्यक पर्ने विरुवाको लागि जंगलमा पहुँच हुन जरुरी हुन्छ । यस्तो रक्सी बनाउन या उत्पादन गर्ने काम प्राथमिकताको हिसावले आध्यात्मीक, धार्मिक, सामाजिक तथा सांस्कृतिक अभ्यासको लागि गरिन्छ तर उनीहरूको भूमि, भूक्षेत्र र स्रोतहरू सरकारले लगे पछि उनीहरूको बाँच्ने अन्तिम जीवन निर्वाहको उपायको रुपमा उनीहरूले रक्सी बनउने र बेच्ने काममा भर पनु परेको छ । यही प्रथाजनित रक्सी बनाउने या उत्पादन गर्ने कामलाई सरकारले अपराधिकरण गरेको छ ।

# ४. आदिवासी महिलाहरूको जीवन निर्वाह र सांस्कृतिक अभ्यासमा सामुदायिक वनको प्रभाव

आदिवासी महिलाहरूको जीवन निर्वाहमा सामुदायिक वनको प्रभाव उनीहरूको पुख्यौंली भूमि र भूक्षेत्रमा सामुदायिक वनको स्थापना अघि र पछीको अवस्थालाई तुलना गरे राम्रोसंग बुझ्न सकिन्छ। सबै समुदाय केन्द्रित छलफलमा, सहभागीहरूले थाहा नभएको समयदेखि उनीहरूका पुर्खाहरूले वन पैदावरलाई प्रयोग गरिअएका अभ्यासलाई उनीहरूले पनि गर्दै आएको प्रथाजनित अभ्यासहरूको प्रकारहरूबारे सबै वीच बताए । उनीहरूका सबै उत्तरमा एक मत थियो । त्यो के थियो भने सामुदायिक वन र सामुदायिक वन उपभोक्ता समूहको स्थापना अघि उनीहरू वन पैदावरको परम्परागत प्रयोगलाई अभ्यास गरिरहेका थिए तर सामुदायिक वन र सामुदायिक वन उपभोक्ता समूहको स्थापना पछि आदिवासीहरूको परम्परागत अभ्यासलाई पूर्ण रुपमा निषेध गरियो । आदिवासी महिलाहरूको जीवन निर्वाहमा परेको प्रभावबारेको अध्ययनले पाएको बिस्तृत कुराहरू निम्न छन्ः

### ४.१ जीवन निर्वाहको लागि संकलन गरिने प्रथाजनित खाद्यन्न र जीवन निर्वाहमा परेको प्रभाव

समूह केन्द्रित छलफलका आदिवासी महिला तथा पुरुष सहभागीले एकमतका साथ भने कि सामुदायिक वन र सामुदायिक वन उपभोक्ता समूहको स्थापना अघि आदिवासी महिलाहरू उनीहरूका पुख्यौंली तथा प्रथाजनित अभ्यासहरूलाई पछ्याउदै प्रथाजनित खाने कुरा जस्तो कि निगुरो जस्ता जंगली सागपात, च्याउ, जरा तथा ट्युबर, ऐसेलु जस्ता फलहरू, अम्बा, आँप, जामुन जस्ता चिजहरू संकलन गर्न स्वतन्त्रपुर्वक वन जाने गर्दथिए । यसको साथसाथै उनीहरू माछा मार्ने, गंगटा तथा घोंगी टिप्ने गर्थे र हरिण, बदेल, दुम्सी, खरायो, वन बिरालो आदी (तल टेवल २ हेनुहोस्) सिकार गर्ने गर्थे ।

समूह केन्द्रित छलफलका एक सहभागीले भने "जब हामी बालक थियौ हामी वनमा स्वतन्त्र ढंगले फलफूल र सागसब्जी बटुल्न, सागपातहरू संकलन गर्न, र माछा मार्न र सिकार गर्न जाने गर्दथियौ" । एफविडीका धेरै सहभागीहरूले भने कि उनीहरू अहिले पनि जंगली च्याउ र निगुरो टिप्न, केही सागपात र विराम भएको बेला तथा घाउ भएको बेला प्रयोग हुने औषधीमुलक बिरुवाहरू टिप्न वन जान्छन यद्यपी यो अहिले गैरकानूनी मानिन्छ । समूह केन्द्रित छलफलका सहभागीहरूले भने कि उनीहरू ति सबै खाने कुराहरू वनबाट बेच्नको लागि नभएर घरायसी खपतको जम्मा गर्दछन् । उनीहरूले कहिल्यै पनि ति वन पैदावर बेचेका छैनन जुन उनीहरूको समाजमा राम्रो पनि मानिन्दैन ।

सामुदायिक वन उपभोक्ता समूह स्थापना गर्नु अघि राजबंशी समुदायका सदस्यहरूले गाउको मुख्य मानिस (पटवारी) लाई बर्षमा एक पटक अन्न तथा धान दिने गर्दथे, यदि उनीहरूले जंगली जनावर सिकार गरेको भए उनीहरूले उक्त सिकारको टाउको र खुट्टा पटवारीलाई लगेर दिन्थे या चढाउथे । यस्तो प्रथाजनित अभ्यासले जंगली जनावर तथा चराहरूको संख्यालाई असर नपर्ने गरि सिमित सिकार हुन्थ्यो । सामुदायिक वनको स्थापना पछि यस्ता गतिविधिहरू सम्भव भएन ।

टेवल २: सामुदायिक वनको स्थापना अघि र पछि जंगली खाद्यान्नको संकलन

| सि.नं. | आदिवासी महिलाहरूको प्रथाजनित गतिविधि | जंगली खाद्यान्नको नाम | सामुदायिक वन स्थापना अघि | सामुदायिक वन स्थापना पछी |
|---|---|---|---|---|
| १. | फलफुल संकलन | ऐसेलु | पाईन्थ्यो, रोक थिएन | पाईन्न, रोक लागेको छ |

| | | | | |
|---|---|---|---|---|
| | फलफुल संकलन | अम्बा | पाईन्थ्यो, रोक थिएन | पाईन्न, रोक लागेको छ |
| | | आँप | पाईन्थ्यो, रोक थिएन | पाईन्न, रोक लागेको छ |
| | | जामुन | पाईन्थ्यो, रोक थिएन | पाईन्न, रोक लागेको छ |
| | | कुसुम | पाईन्थ्यो, रोक थिएन | पाईन्न, रोक लागेको छ |
| | | लोकोटा | पाईन्थ्यो, रोक थिएन | पाईन्न, रोक लागेको छ |
| २. | जंगली साग सव्जीहरू | निगुरो | पाईन्थ्यो, रोक थिएन | ल्याईन्छ तर गैरकानूनीरुपमा |
| | | च्याउ | पाईन्थ्यो, रोक थिएन | ल्याईन्छ तर गैरकानूनीरुपमा |
| ३. | जरा र गानो (Tuber) संकलन | | पाईन्थ्यो, रोक थिएन | पाईन्न, रोक लागेको छ |
| ४. | जंगली खाद्यान्न - जीवहरू | माछा | पाईन्थ्यो, रोक थिएन | ल्याईन्छ तर गैरकानूनीरुपमा |
| | | गंगटा | पाईन्थ्यो, रोक थिएन | ल्याईन्छ तर गैरकानूनीरुपमा |
| | | घुंगी (खेतको शंखे किरा) | पाईन्थ्यो, रोक थिएन | ल्याईन्छ तर गैरकानूनीरुपमा |

| | | | | |
|---|---|---|---|---|
| ५. | जंगली जनावर सिकार | हरिण, मृग | पाईन्थ्यो, रोक थिएन | पाईन्न, रोक लागेको छ |
| | | बदेल | पाईन्थ्यो, रोक थिएन | पाईन्न, रोक लागेको छ |
| | | खरायो | पाईन्थ्यो, रोक थिएन | पाईन्न, रोक लागेको छ |
| | | दुम्सी | पाईन्थ्यो, रोक थिएन | पाईन्न, रोक लागेको छ |
| | | कोसा (ठुलो छेपारो) | पाईन्थ्यो, रोक थिएन | पाईन्न, रोक लागेको छ |
| | | चराहरू | पाईन्थ्यो, रोक थिएन | पाईन्न, रोक लागेको छ |

*स्रोतः समूह केन्द्रित छलफल, सन् २०२०*

सहभागीहरू मध्ये एक जनाले भने "मासुको लागि हाम्रा बाबु-आमा र हजुर बा-आमा जंगली जनवार सिकार गर्ने गर्दथे जस्तै हरिण, खरायो, ठुलो छेपारो, जंगली बदेल, दुम्सी र चराहरू"। समुदाय केन्द्रित छलफलका धेरै सहभागीहरूले भने कि अव हामी जंगली जनवारहरूको सिकार गर्न सक्दैनौ किन भने सरकारले त्यसलाई प्रतिवन्ध लगाएको छ । एफजिडीका सहभागीहरूले बताए अनुसार उनीहरूको प्रथाजनित अभ्यासले उनीहरूलाई जिम्मेवार ढंगले जंगली जनावर सिकार गर्न अनुमति दिन्छ । यसको अर्थ, उनीहरू गर्भिणी या बिरामी या बच्चा जनवार मार्दैनन, र उनीहरू जनवारहरू बिलुप्त नहुने तथा नसिद्धिने पनि सुनिश्चित गर्दछन् । यसैगरि, केही अन्य सहभागीहरूले भने कि उनीहरू माछालाई फूल पार्न दिन्छन् अर्थात माछाले फूल पार्ने समयमा माछा मार्दैनन् र उनीहरू माछाले फूल पार्ने समय सिद्धिए पछि मात्र माछा मार्दछन् । गैरआदिवासीहरू जुनसुकै अर्थात सबै समयमा

माछा मार्ने काम गर्दछ जस्ले माछालाई फेरी उत्पादन नहुने गरि समाप्त गर्दछ। त्यसैले, बिगतमा, वन स्रोतहरूबाट उनीहरूले आफ्नो जीवन निर्वाह गर्न कुनै समस्या थिएन तर अहिले ति प्रथाजनित अभ्यासहरूलाई अपराधीकरण गरिएको छ।

सबै एफजिडीहरूमा केही सहभागीहरूले भने कि केही सामुदायिक वनमा उनीहरू दाउरा, स्याउला तथा घाँस लिन जाने काम निरन्तर गरिरहेका छन् । सामुदायिक वनको स्थापना अघि उनीहरू दाउरा, ढलेपडेका काठ, घाँस तथा स्याउलाहरू बेच्न सक्थे, र दुध तथा मासुको लागि गाईवस्तु पाल्न सक्थे । यसरी उनीहरू जिउने काम गर्दथिए । तर अहिले, उनीहरू दाउरा, स्याउला तथा घाँस सिमित रुपमा घरायसी खपतको लागि संकलन गर्न सक्छन जुन सामुदायिक वनले नियन्त्रण गरेको छ । एफजिडीमा सहभागी केही राजवंशी महिलाहरूले जोसंग भूमिको लालपुर्जा छैन अर्थात भूमिहिन छन उनीहरूले भने "मेरो परिवार र अरु धेरै जग्गाको लालपुर्जा नभएको ओईलानी जग्गामा बस्छौ । हामीलाई सामुदायिक वनबाट दाउरा ल्याउन दिईएको छ" ।

प्रायः सबै सामुदायिक वन उपभोक्ता समूहले आफ्ना सदस्यहरू आदिवासी र गैरआदिवासी दुवैलाई वनबाट जंगली सागसब्जी तथा फलफूल संकलन गर्ने, माछा मार्ने र जनावर सिकार गने कामलाई निषेध गरेको छ । केही धिमाल महिलाहरूले भने कि जंगली खाद्यान्न संकलन गर्ने आफ्नो प्रथाजनित अभ्यासलाई जारी राख्न गैरकानूनी भए पनि उनीहरू वनमा जाने गर्दथिए । तर अहिले उनीहरू जंगली हात्तिको डरका कारण वन जादैनन । हिजो आज उनीहरू ग्यास चुला प्रयोग गर्दछन, धेरै थोरैले मात्र खाना पकाउन दाउरा प्रयोग गर्दछन् । एफजिडीका सहभागीहरूले भने कि हरेक घरधुरीले एक बर्षमा ३ क्वीन्टल दाउरा पाउछन तर ट्रयाक्टरबाट ल्याउनु पर्ने भएकाले यो ज्यादै महंगो पर्न जान्छ । त्यसैले, धेरैजसोले ग्यास चुला प्रयोग गर्छन, र केहीले दाउरा किन्छन । एफजिडीका सहभागी एक उरावले भने "वन

स्रोतहरूलाई बेचेर हुने हाम्रो आय हामीले जम्मा गरेको वन स्रोतमा कडा निषेध लागेको कारणले ज्यादै घटेको छ ।

एफजिडीका एक राजवंशी सहभागीले भने "पहिले हामी आत्मनिर्भर तथा स्वपूर्ण थियौ तर अहिले हाम्रो जीवनलाई धान्न हामी बाहिरीय स्रोतहरूमा निर्भर भएका छौ" । सामुदायिक वनको एक सदस्य भएकोले गरिवी निवारण कोष (प्याफ) ले बाख्रा पालनको लागि १५ घरधुरीलाई रकम दियो, ३ घरधुरीलाई बंगुर पालन र ४ घरधुरीले काठको खाटको लागि सहयोग दियो । आदिवासी महिलाहरूले संकलन गरेका प्राय सबै वन पैदावर सबैजसो उनीहरूको प्रथाजनित जीवन निर्वाहको लागि प्रयोग भए र घरकै लागि खपत भए । केहि सहभागीहरूले दुखकासाथ त केहिले क्रोधकासाथ भने कि हिजो आज सामुदायिक वनको नियन्त्रण र निषेधका कारण उनीहरूको जीवन निर्वाह वन स्रोतमा निर्भर गर्न सक्दैनन् ।

## ४.२ **स्वास्थ्यमा प्रभाव**

एफजिडीका सबै सहभागीहरूले भने अनुसार उनीहरू रक्त चापको लागि गुर्जोको लहरा, खोकी र चिसोको लागि पिप्ला, जन्डीस, चिनी रोग, पेट दुख्ने, रगत सफा गर्ने आदी कामको लागि हलकाटी र जिलाई जस्ता औषधी बिरुवाहरू संकलन गर्ने गर्दथिए । तर अहिले उनीहरू त्यो काम गर्दैनन् । सरकारको स्वस्थ्य हेरचाहको सुविधा एकदमै दलनिय अवस्थामा छ । एफजिडीका धेरै सहभागीहरूले भने कि उनीहरू पैसा नभएको कारण स्वास्थ्य जाचको लागि निजी क्लिनिक तथा हस्पीटलमा जान सक्दैनन । उनिहरूका समुदायका केहि मानिसहरूसंग अझै पनि औषधीजन्य बोट विरुवाले उपचार गर्ने आदिवासी ज्ञान, सिप र अभ्यास रहेको छ तर उनीहरू स्वास्थ्य तन्दुरुस्त राख्न ति औषधीहरूलाई प्रयोग गर्न असमर्थ छन् ।

## ४.३ **परम्परागत संस्कारमा प्रभाव**

एफजिडीका सबै सहभागीहरूले भने कि उनीहरूका पुर्खाहरू देवतालाई

पुजा गर्न, वनमा लास पुरेर परम्परागत मृत्यु संस्कार गर्न र परम्परागत संस्कार गर्न वनमा जान्थे जहाँ उनीहरूका देवता, आत्मा र मृत्यु भएका पुर्खाहरू बस्छन् जसलाई उनीहरू पवित्र स्थानकोरुपमा मान्दछन् । तर, अहिले, उनीहरू वेखुशी छन किन भने उनीहरूको प्रथाजनित सामाजिक, सांस्कृतिक, धार्मिक संस्कार अभ्यासहरू वन भित्र गर्न सामुदायिक वनले निषेध गरेको छ । धेरै एफजिडी सहभागीहरूले भने कि उनीहरूलाई वन भित्र लास गाड्न दिएको छ तर यस्ता कामलाई निरुत्साहित गरिरहेको छ । त्यसैले, धेरैले हिजो आज जलाउन शुरु गरेका छन् । सामुदायिक वनहरूले आदिवासीहरलाई उनीहरूको संस्कार, संस्कृति, प्रथाजनित र धार्मिक अभ्यासहरू गर्न दिईनु पर्दछ भनेर धेरै एफजिडी सहभागीहरूले औल्याए ।

मेचे एफजिडी सहभागीहरूले उनीहरूको कुल देवता पुजा घरमा र गाउँको ग्रामथानमा गर्ने गर्दछन् जुन पहिले वनमा हुने गर्दथियो । यो पुजाको समयमा महिलाहरूले उनीहरूको टाउकोमा फेटा वेर्न आवश्यक छ । उनीहरूलाई आँपको पात र घरको अगाडी ईनार हुन आवश्यक छ । जस्ले विवाहको समयमा आँपको पात र ईनारमा पुजा गर्दछ उनीहरूले उक्त आप र ईनारको पानी खान हुँदैन किन भने उनीहरू तिनलाई पवित्र मान्दछन् । सामुदायिक वनको स्थापना अघि, अन्न, धान, सागसव्जी, फलफुल, कपडा र बर्को समुदायको प्रमुखलाई चढाउने उनीहरूका पुर्खाहरूको केहि निश्चित नियम, प्रचलन र चलन थियो । अहिले यो प्रचलन तथा अभ्यासमा छैन किन भने उनीहरू त्यसका लागि चाहिने धेरै बस्तुहरू सामुदायिक वनको निषेधका कारण वनबाट पाउन सक्दैनन् ।

ताजपुरीया एफजिडीका सहभागीहरूले भने कि धेरै अघि थाहा नभएको समयदेखि उनीहरूका पुर्खाहरू ग्रामथान तथा महाराजथानमा धार्मिक संस्कार, पुजा तथा सांस्कृति अभ्यास गर्ने गर्दथिए । उनीहरू सिरुवा, हिले पर्व, जात्रा पावन, औसिया पावन र हुक्काहुक्की चाड पर्वहरू मनाउछन् ।

आदिवासी ताजपुरियाहरू साथसाथै ताजपुरीया महिलाहरू सामुदायिक वनको सदस्य भएका छैनन । उनीहरूको आफ्नो पुर्ख्यौली भूमिमा वन प्रयोग गर्न नपाएता पनि ठुलो सिमितताका साथ उनीहरू आफ्नो परम्परागत अभ्यासहरूलाई निरन्तरता दिईरहेका छन् ।

धिमाल सहभागीहरूले भने कि सामुदायिक वन उपभोक्ता समूहले उनीहरूको सिरीजात र जात्री जस्ता चाड पर्वलाई असर तथा प्रभाव पारेको छ । ति चाड पर्वहरू वनमा मनाईन्छ । तर हिजो आज उक्त चाड पर्व समुदायमा नै मनाउन बाध्य पारिएको छ ।

राजवंशीहरू ग्रामथान, ठाकुर कईवानी र गुरगुसाईमा आफ्ना देवताको पुजा गर्दछन । त्यसमा उनीहरू आफ्नो प्रमुखलाई सामुहिकरुपमा माना पाथी तिर्ने गर्दथिए तर अहिले त्यो खालको प्रक्रियागत अभ्यास छैन । यदि उनीहरू आफ्नो परम्परागत गतिविधिहरूलाई निरन्तरता दिन्छन् भने उक्त काम सामुदायिक वन नीतिको बिरुद्धमा जान्छ । त्यसबापत उनीहरूले सजाय पाउँछन् र कहिले कहि नगद सजाय पनि हुन्छ ।

### ४.४ प्रथाजनित हस्तकलामा प्रभाव

बोना (पेटानी) बुन्न धागो रंगाउनको लागि धिमाल महिलालाई मेजाम्वी, हारालोडा र सोलोई भन्ने बिशेष प्रकारको बिरुवा आवश्यक पर्छ । सामुदायिक वनको कानूनको कारणले गर्दा अहिले धिमाल महिलाहरू वन जान सक्दैनन र उक्त विरुवा संकलन गर्न सक्दैनन् । उनीहरूले सो विरुवा आफ्नो किचेन गार्डेनमा उमार्न र हुर्काउन कोशिस गरे । यो बढ्यो तर यो वनमा भए जस्तो राम्रो र स्वस्थ भएन । उनीहरू धागो रंगाउनको लागि मेजाम्वीको लहरा र सोलोईको पात उमाल्छन् । उनिहरू सेतो धागोलाई रंगाउन हारालोद नामक जंगली फललाई पानीमा डुवाउछन । धिमाल महिलाहरूलाई उक्त जंगली फल वनबाट ल्याउन निषेध गरिएको छ । यस्तो भएता पनि उनीहरू

नगद सजाय तथा सजाय हुने जोखिम मोलेर भए पनि यो फल गैरकानूनीरुपमा वनबाट संकलन गर्दछन् ।

सुनझोडा सामुदायिक वनका एफजिडी सहभागीहरूले भने कि उनीहरूलाई परम्परागत संगितको लागि परम्परागत ढोल बनाउन मृगको छाला आवश्यक पर्छ। अहिले उनीहरू मृगको सिकार गर्न सक्दैनन। त्यसैले उनीहरू उक्त परम्परागत ढोल गोरु या बाख्राको छालाको बनाउछन । सामुदायिक वनको स्थापनना भन्दा अघि समुदायका सदस्यहरूलाई सूचना दिने (आदान प्रदान गर्ने) प्रथाजनित अभ्यास त्यहि ढोल बजाएर हुन्थ्यो । तर अहिले उनीहरू मोवाईल फोन या लिखित पत्र प्रयोग गर्दछन् ।

### ४.५ प्रथाजनित स्वसरकार प्रणालीमा प्रभाव

आदिवासीहरूको आफ्नै प्रथाजनित स्वसरकार पद्धति हुन्छ । एफजिडी छलफलको समयमा यस्तो प्रणाली जस्तो धिमालको प्रथाजनित संस्था मझि वाराङ रहेको छ भने सन्थालको माझी हडाम प्रथाजनित संस्था छ, पारगाय, उरावको र मुडियारीको प्रथाजनित संस्था छ, बाध मेचेको प्रथाजनित संस्था छ । यि प्रथाजनित संस्था (स्वसरकार संस्था) हरूले सम्बन्धित आदिवासी समुदायमा अझै पनि काम गरिरहेका छन् । सन् १९५६ मा वन राष्ट्रियकरण हुनु अघि झापा र मोरङमा ज्यादै थोरै बसोबास थियो। त्यसैले, आदिवासीहरूको प्रथाजनित स्वसरकार प्रणाली तथा व्यवस्था बलियो थियो । वन राष्ट्रियकरण पछि, सरकारले पहाडका मानिसहरू खासगरि बाहुन र क्षेत्रीहरूलाई त्यस ठाउँमा बसाई सराई गर्न र बस्न उत्प्रेरित गर्यो। संरक्षित क्षेत्र सहित सामुदायिक वनको स्थापना पछि, आदिवासीहरूको प्रथाजनित स्वसरकार प्रणाली तथा व्यवस्था कमजोर हुन थाल्यो र यसका धेरै भुमिका र जिम्मेवारी सामुदायिक वनले लग्यो भने अरु भूमिका र जिम्मेवारी संरक्षित क्षेत्रले लग्यो। एफजिडीका सहभागीहरूले बताएका यस सम्बन्धका उदाहरणहरू निम्न अनुसार रहेका छनः

उराव (झांगड) र मुडियारी समुदायमा सबै निर्णय तथा नियमहरू उनीहरूको प्रथाजनित संस्था तथा मुख्य मानिस पारगायले बनाउने गर्दथ्यो । यदि कुनै घटना घट्न लागेको अवस्थामा त्यहि विशेष कामको लागि पारगायले नियुक्त गरिएको एउटा मानिसले त्यसको सूचना समुदायमा पुऱ्याउने काम गर्दथियो । समुदायका मानिसहरूको सुझाव र सल्लाहमा समुदायका प्रतिनिधिहरू मुख्य मानिस पारगायले छान्ने काम गर्दथियो । एफजिडी सहभागी एक उरावले भने "हामीले हाम्रो भूमीमाथि भएको स्वतन्त्रता गुमायौ । अहिले यो घटेको छ र सामुदायिक वनको कडा नीतिबाट नियन्त्रण भएको छ" ।

संक्षेपमा, यी खोज अध्ययनबाट प्राप्त तथ्यहरूले आदिवासी महिला तथा पुरुषहरू जंगली फलफूल, सागसञ्जी र सागपातका साथै जंगली जनावर सिकार गरि र माछा मारी आत्मनिर्भर जीवन निर्वाह बिताउन वनलाई प्रथाजनित हिसावले स्वतन्त्र पूर्वक प्रयोग गर्दथिए । उनीहरू यी गतिविधिहरू उनीहरूको प्रथाजनित स्वसरकारको प्रणाली अन्तर्गत गर्दथिए । अहिले उक्त प्रथाजनित स्वसरकारको अभ्यास तथा गतिविधिहरूलाई वन, संरक्षित क्षेत्र तथा सामुदायिक वन उपभोक्ता समूहको कानूनले अपराधिकरण गरेको छ । यी आदिवासीहरूको कथा, भोगाई र अनुभवहरू सबैतिर एकै र उहि प्रकारको छ । सामुदायिक वन उपभोक्ता समूह जहाँ आदिवासीहरूको बहुमत रहेको छ, त्यहाँ उनीहरूका वनमा हुने प्रथाजनित अभ्यासका केही अभ्यासहरू गर्न केही छुट दिने गरिएको छ तर ति सामुदायिक वन जहा गैरआदिवासी समूहका मानिसहरू बर्चस्पशाली छन् त्यस वनमा प्रथाजनित अभ्यास तथा गतिविधिहरू गर्न आदिवासीहरूलाई अपराधिकरण गरिन्छ ।

# ५. सिफारिसहरू

डेस्क नीति समिक्षा र अध्ययन तथा फिल्डबाट प्राप्त तथ्यहरूको आधारमा, आदिवासी महिलाहरूको अधिकारलाई सुनिश्चित गर्न वन मन्त्रालय र फेकोफोन दुवैलाई र आदिवासीहरूको प्रथाजनित संस्थालाई तलका सिफारिसहरू गरिएको छः

**५.१ सरकारलाई सिफारिस**

१. सामुदायिक वन विकास कार्यक्रम २००९ को लागि बनेको निर्देशिकामा आईएलओ महासन्धि नं. १६९ लाई कार्यान्वयन गर्ने प्रतिवद्धतालाई अर्थपूर्ण ढंगले सम्मानका साथ कार्यान्वयन गरिनु पर्दछ। सन् २००७ देखि नेपाल उक्त महासन्धिको पक्ष राज्य भएको छ। आईएलओ महासन्धि नं. १६९ संगसंगै सन् २००७ मा नेपालले अंगिकार गरेको आदिवासीहरूको अधिकार सम्बन्धमा संयुक्त राष्ट्र संघिय घोषणा पत्र (युएनड्रिप) लाई अर्थपूर्ण ढंगले कार्यान्वयन गर्नु नेपालको कर्तव्य तथा दायित्व हो। यसको अर्थ, सामुदायिक वन उपभोक्ता समूह (सिफग) र साझेदारी वन व्यवस्थापनलाई हटाईनु पर्दछ, र भूमि, भूक्षेत्र र स्रोतहरूको स्वामित्व, नियन्त्रण र व्यवस्थापनमा पहुँच तिनै आदिवासी अधिकारवालाहरूलाई दिईनु पर्दछ।

२. वन मन्त्रालयले वन ऐन १९९३, वन क्षेत्र नीति २०००, ईन्भेन्ट्री निर्देशिका, संरक्षण कानून साथ साथै राष्ट्रिय निकुन्ज कानून, वन्य जन्तु आरक्षण, वन्यजन्तु सिकार क्षेत्र र संरक्षण क्षेत्र सम्बन्धका कानूनहरूलाई संसोधन गरि आईएलओ महासन्धि नं. १६९ र युएनड्रिप अनुसारको व्यवस्थामा जानु पर्दछ।

३. आदिवासी महिलाहरूको मानव अधिकारको तुरन्त महशुस हुने ग्यारेण्टी गर्न वन मन्त्रालयले आदिवासी महिलाहरूको प्रथाजनित ज्ञान, सिप, प्रविधि र अभ्यासहरूलाई मान्यता दिँदै एक नीति ल्याईनु पर्दछ, र

आदिवासी महिलाहरूलाई उनीहरूको प्रथाजनित आर्थिक सशक्तिकरण हुने सामुदायिक वन र अन्य वनमा जान नदिने नीति तथा आदेशको आधारमा अपराधिकरण गर्ने कामको अन्त्य गरिनु पर्दछ ।

४. वन मन्त्रालयले वनको लागि गरिने कामको लागि आदिवासी र आदिवासी महिलाहरूबाट पूर्व सुसुचित स्वतन्त्र मन्जुरी लिईनु पर्दछ । यसको लागि मन्त्रालयले स्थानिय तह, प्रदेश र संघिय तहमा स्वतन्त्र, अग्रिम जानकारी सहितको मन्जुरीको लागि आदिवासीहरूको प्रथाजनित संस्थाहरूको संलग्नतामा संयन्त्रहरू स्थापना गरिनु पर्दछ, र यसको प्रोटोकल युएनड्रिप अनुसार बनाईनु पर्दछ ।

५. सबै तहमा आदिवासी महिलाहरूको सहभागीता र प्रतिनिधित्व, र आदिवासीहरूको प्रथाजनित संस्था मार्फत उनीहरूको प्रथाजनित प्रक्रियाबाट स्वतन्त्रपुर्वक छनौट भएका आदिवासी तथा आदिवासी महिलाहरूको सोझो प्रतिनिधीत्वलाई सामुदायिक वनको निर्देशिका साथै अन्य कानून नियमहरूको संसोधन गरेर पूर्ण रुपमा सुनिश्चित गरिनु पर्दछ ।

६. आदिवासी तथा आदिवासी महिलाहरू नै वन र जैविक विविधताका रक्षक अधिकारवाला हुन् भन्ने कुरा वन मन्त्रालयले कानून र नीतिहरू मार्फत पहिचान र मान्यता दिईनु पर्दछ ।

७. युएनड्रिपको अनुसार आदिवासी तथा आदिवासी महिलाहरूको आत्मनिर्णयको अधिकार र आत्मनिर्णीत विकासको अधिकारलाई पूर्णरुपमा वन मन्त्रालयले बिशेषरुपमा र राज्यले सामान्यरुपमा मान्यता दिईनु पर्दछ, र सिडको पक्ष राज्य नेपालको आवधिक प्रतिवेदनको सन्दर्भमा १४ नोभेम्बर २०१८ मा दिएको सिडको निश्कर्ष अवलोकनको प्यारा ४ अनुसार नेपालको संविधान संशोधन गरिनु पर्दछ ।

८. नेपाल सरकारले युएनड्रिप र आईएलओ महासन्धि नं. १६९ अनुसार आदिवासीहरूको भूमि, भूक्षेत्र र स्रोतहरूमा स्वायत्तता र प्रथाजनित

स्वसरकारको प्रणालीलाई पूर्ण रुपले मान्यता दिईनु पर्दछ ।

९. नेपाल सरकारले आदिवासीहरूको प्रथाजनित कानून र संस्थालाई मान्यता दिईनु पर्दछ ।

१०. स्थानिय, प्रदेश र संघिय सरकारले र अरु जो सामुदायिक वनलाई समर्थन र सहयोग गर्नेहरूले युएनड्रिप र आईएलओ महासन्धि नं १६९, सन २०१४ मा भएको आदिवासीहरूको विश्व सम्मेलनको उपज दस्तावेज, जैविक विविधता महासन्धिको धारा १८ को ८(J), भोलुन्टरी निर्देशिका, वन कारिन्दापन (Stewardship) परिषदको सिद्धान्तहरू (खासगरि सिद्धान्त ३ः आदिवासीहरूको अधिकार) लाई पूर्णरुपले पालना गर्नुपर्दछ, र आदिवासी तथा आदिवासी महिलाहरूको स्वतन्त्र, अग्रिम जानकारी सहितको मन्जुरी विना उनीहरूको पुर्ख्यौली भूमीमा कुनै कार्यक्रम या परियोजना कार्यान्वयन तथा सहयोग गरिनु हुन्न ।

## ५.२ विकास साझेदारहरूलाई सिफारिस

११. प्रथाजनित ज्ञान, सिप, प्रविधि र अभ्यासहरूको आधारमा निर्माण गरिएका महिलाहरूको आर्थिक शशक्तिकरणको लागि लक्षित गरिएको कार्यक्रमहरू कार्यान्वयन गरिनु पर्दछ ।

१२. जोखिममा रहेका आदिवासी महिलाहरूलाई प्राथमिकता दिईनु पर्दछ ।

१३. स्थानिय आदिवासी महिलाको संगठन र प्रथाजनित स्वसरकार प्रणालीको क्षमता विकास गर्ने कार्यक्रम निर्माण गरिनु पर्दछ र कार्यान्वयन गरिनु पर्दछ ।

## ५.३ आदिवासी महिलाहरूका संगठनहरूलाई सिफारिस

१४. सामुदायिक वन उपभोक्ता समूहहरूलाई आदिवासी महिलाहरूको अधिकारबारे अभिमुखिकरण तथा तालिम दिईनु पर्दछ ।

१५. आईएलओ महासन्धि नं. १६९ र युएनड्रिपको अर्थपूर्ण कार्यान्वयनको लागि र सामुदायिक वनमा सामुहिक स्वामित्व पुनःप्राप्ती गर्न,

आदिवासीहरू नै भूमि, भूक्षेत्र तथा स्रोतहरू र जैविक विविधताका संरक्षक र असली हकधार हुन् भन्ने मान्यता दिन, प्रथाजनित स्वसरकार प्रणालीलाई औपचारिक रुपमा मान्यता दिलाउन, वन र स्रोतहरूको प्रयोग, व्यवस्थापन र संरक्षण गर्न, आक्रमक विकाससँग सम्बन्धित भएका सबै क्रियाकलाप र कानूनी प्रशासनिक हस्तक्षेपको लागि आदिवासीहरूको पूर्वसूसुचित स्वतन्त्र मन्जुरी लिने संयन्त्र स्थापना गर्न र सम्बन्धित सबै कानूनका साथै सबै सामुदायिक वन कानून तथा अभ्यासहरू परिवर्तन गर्न सामुदायिक वन उपभोक्ता समूहको कार्यकारीणी समिति, फेकोफन र वन मन्त्रालयसँग पैरवी र लवी गरिनु पर्दछ ।

**निश्कर्ष**

आदिवासी खासगरि आदिवासी महिलाहरूले मानव अधिकारको उपभोग गर्न सामुदायिक वनसंग सम्बन्धित नेपाल सरकारका कानूनहरू, नीतिहरू, अभ्यासहरू र सामुदायिक वन उपभोक्ता समूह मार्फत गरिने वन व्यवस्थापन ज्यादै समस्यामुलक छ। नेपाल राज्य तथा सरकारले आईएलओ महासन्धि नं. १६९ सहित अन्तर्राष्ट्रिय कानूनहरू अर्थात अन्तर्राष्ट्रिय मानव अधिकारका औजारहरू अनुमोदन गरेको छ, र युएनड्रिपलाई अंगिकार गरेको छ साथै तिनीहरूलाई सामुदायिक वन र सामुदायिक वन उपभोक्ता समूहमा कार्यान्वयन गर्ने प्रतिवद्धता जनाएको छ । तर वर्तमान कानूनहरू, नीतिहरू र अभ्यासहरूले सामुहिक जीवन पद्धति, आत्मनिर्णय, स्वायत्तता, प्रथाजनित स्वसरकार प्रणाली, पूर्वसूसुचित स्वतन्त्र मन्जुरी, आदिवासी ज्ञान, सिप, प्रविधि र अभ्यासहरू र सबै तहका निर्णय गर्ने ठाउँहरूमा सोभ्रो सहभागीतालाई उलंघन गरिरहेका छन् । परिणाम स्वरुप, प्राकृतिक स्रोत सम्बन्धि आदिवासीहरूको प्रथाजनित अभ्यासहरूलाई अपराधीकरण गरिएको छ। उनीहरूका जीवन निर्वाह, स्वास्थ्य, कला कौशल, संस्कृति र समपन्नता आदी नराम्ररी प्रभावीत भएका छन् क्षत विक्षत भएका छन् । त्यसैले, वर्तमान कानूनहरू, नीतिहरू र अभ्यासहरूलाई संशोधन गर्न या नया कानून

तथा नीतिहरू ल्याउन एक दमै आवश्यक भएको छ ताकी ति कानूनहरू, नीतिहरू र अभ्यासहरू युएनड्रिप र आईएलओ महासन्धि नं. १६९ पूर्ण रुपले अनुकुल हुन् । यदि आदिवासीहरूले उनीहरूको पुर्ख्यौली भूमि, भूक्षेत्र तथा स्रोतहरूमाथी उनीहरको नियन्त्रण र स्वामित्वको पुनःदावी गर्दछन् र उनीहरूको प्रथाजनित स्वसरकारको पद्धति (प्रणाली) अनुसार व्यवस्थापन गर्दछन भने यो सबैको लागि राम्रो हुन्छ । आदिवासी साथै आदिवासी महिलाहरूको अधिकारलाई सरकारबाट उलंघन गर्ने र हुने काम रोकिनु पर्दछ ।

समाप्त !

# Photo Gallery



Urau Household-Morang



Dhimal women traditional dress



FGD Rajbansi-Jhapa



FGD Meche-Jhapa




Tajpuriya Community-Jhapa



Gangai FGD-Jhapa



Dhimal Traditional Weaving



Cow Dung for fule Urau



Media Campian



Focus Group Discussion



Marketing Management Training



Sunjhada CFUG-Morang